# परिच्छेद एक

# शोधपरिचय

## १.१ विषयपरिचय

वि.सं. २००३ सालमा जन्मिएकी वानीरा गिरिले आफ्नो साहित्यिक यात्रा २०१४ सालको **कदम बढाऊ** शीर्षक कविताबाट प्रारम्भ गरेकी हुन् । कवयित्रीको पहिचान बनाएकी गिरिले साहित्यका अन्य विधामा कलम चलाउँदै **कारागार** (२०३५), **निर्बन्ध** (२०४२) र **शब्दातीत शान्तनु** (२०५६) उपन्यास प्रकाशित गरेकी छन् । प्रस्तुत शोधपत्र यिनै तीनवटा उपन्यासका नारी पात्रका सन्दर्भमा रहेर अध्ययन गर्दै त्रि.वि., मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तहको दसौं पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

## १.२ समस्याकथन

**वानीरा गिरिका उपन्यासमा नारी पात्र** शीर्षकको शोधकार्यका मुख्यमुख्य समस्याहरू निम्नलिखित छन् :

क) उपन्यासमा पात्रविधानको सैद्धान्तिक पक्ष के-कस्तो हुन्छ ?

ख) वानीरा गिरिको साहित्यिक यात्रा के-कस्तो छ ?

ग) वानीरा गिरिका उपन्यासमा के-कस्ता नारी पात्र प्रयोग गरिएका छन् ?

घ) नारी पात्रको प्रयोगका दृष्टिले वानीरा गिरिका उपन्यासहरू के-कस्ता छन् ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्य निम्नअनुसारको रहेको छ :

क) उपन्यासमा पात्रविधानको सैद्धान्तिक पक्षको अध्ययन गर्नु,

ख) वानीरा गिरिको साहित्यिक यात्राको अध्ययन गर्नु,

ग) वानीरा गिरिका उपन्यासमा प्रयोग गरिएका नारी पात्रको अध्ययन गर्नु,

घ) नारी पात्रका प्रयोगका दृष्टिले वानीरा गिरिका उपन्यासको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

वानीरा गिरिका तीनवटा उपन्यासहरू प्रकाशित छन् । ती तीनवटा उपन्यासका नारी पात्रका सन्दर्भमा विभिन्न विद्वानहरूले आ-आफ्ना धारणालाई विभिन्न पुस्तक, पत्रपत्रिका, शोध आदिमा प्रस्तुत गरेका छन् । तिनलाई कालक्रमिक रूपमा सङ्क्षेपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

केशव पथिकले **दैनिक समाज** (२०४३) पत्रिकाको 'वानीरा गिरि-कारागारबाट निर्बन्ध' शीर्षकको लेखमा वानीरा गिरिलाई एक सफल गद्य लेखिकाको रूपमा चिनाउँदै **कारागार** र **निर्बन्ध** उपन्यासका पात्रको विवेचना गरेका छन् । यस लेखमा **कारागार** उपन्यासकी 'म' पात्र आफ्नै स्वजनहरूको स्वार्थले लुटिएकी छ, दाजु-भाउजूहरूको स्वार्थबाट पिल्सिएकी ऊ आफैँले सिर्जेको कारागारमा बन्द छे, तर समाजको तथाकथित नैतिकताप्रति उसमा विरोध छ भनिएको छ । त्यसैगरी **निर्बन्ध** उपन्यासकी 'म' पात्रलाई कामलम्पट पुरुषसँग प्रतिकार गर्ने स्वास्नीमान्छेको रूपमा देखाएकी छन् भन्दै प्रस्तुत लेखमा दुई उपन्यासका एक-एक पात्रका एक पक्षको सङ्क्षेपमा चर्चा गरिएको छ ।

रामदयाल राकेशले **गोरखापत्र** (२०४३)मा प्रकाशित '**कारागार** र **निर्बन्ध** उपन्यासलाई नियाल्दा' शीर्षकको लेखमा छोटा, सरल र सरस वाक्यद्वारा आधुनिक पात्रको सृष्टि गरेर सामाजिक परिवर्तका लागि कुनै पनि पात्रको नामकरण नगरेरै पनि चरित्रगत विशेषता र मनोगत प्रवृत्तिलाई प्रस्तुत गर्दै दमित र कुण्ठित यौनग्रन्थिका मनोवैज्ञानिक समस्या र यौनहीन ग्रन्थिको फुक्का वर्णन गरेर वानीरा गिरिले समसामयिक युगबोधलाई वाणी दिने प्रयास गरेकी छन् भन्दै पात्रको एक पक्षको सङ्क्षिप्त चर्चा गरेका छन् ।

विप्लवले **हिमाल** (२०५७) पत्रिकामा प्रकाशित 'कविताको सुगन्ध लिएको उपन्यास' शीर्षकको लेखमा **शब्दातीत शान्तनु**जस्तो कवितात्मक सुगन्ध लिएको उपन्यास लेखेर काल्पनिक चरित्रलाई लेखिकाको प्रस्तुतिमा रहेको जादुले शान्तनुलगायत उपन्यासका तमाम पात्रहरूलाई जीवन्त बनाइएको छ भन्दै पात्रको सामान्य चर्चा गरेका छन् ।

नेत्र एटमले **गरिमा** (२०५७) पत्रिकामा प्रकाशित 'शब्दातीत शान्तनु– पुरानो विषय, नयाँ शिल्प' शीर्षकको लेखमा नारी लेखनको सचेतता र महत्तालाई स्थापित गर्ने लेखिका

वानीरा गिरि **शब्दातीत शान्तनु**मा पुरानो विषयलाई नयाँ शिल्पकारिताका साथ प्रस्तुत गर्न र कवितात्मक गद्यलेखनको सुरु गरेर नेपाली साहित्यका लागि एउटा नौल्याइ थप्न सफल भएकी छन् भनेर पात्रका सम्बन्धमा सामान्य विवेचना प्रस्तुत गरेका छन् ।

नारायण ढकालले **हिमालय टाइम्स** (२०५७) पत्रिकामा प्रकाशित 'वानीरा गिरिको आख्यानात्मक कविता' शीर्षकको लेखमा अपार उदारतावादी स्वभावका कारण आर्थिक विघटन, ठाउँ विशेषको मौलिक संयोजन, विषय र कथ्यको सापेक्षतामा फराकिलो बन्न नसकेको अन्य उपन्यासकारको लहरमा उभिएको तर धेरै अभाव र अपूर्णताहरू रहेको आख्यानप्रधान लामो कविता **शब्दातीत शान्तनु** हो र उपन्यासले आफ्नो समय, समयका पात्रहरू, त्यसको सांस्कृतिक भङ्गिमा र अन्य संरचनासितको तादात्म्यका साथ बन्ने इतिहासबारे बढी सजगता अपनाएको पाइँदैन भन्दै पात्रको सम्बन्धमा सामान्य चर्चा गरेका छन् ।

दुर्गाबहादुर घर्तीले **मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान** (२०६०) शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा **कारागार** र **शब्दातीत शान्तनु** उपन्यासका केही नारी पात्रको विश्लेषण गरेका छन्, तर यो अध्ययन मनोविश्लेषणमा सीमित छ ।

राजेन्द्र सुवेदीले **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति** (२०६४) शीर्षकको समालोचकीय पुस्तकमा **कारागार, निर्बन्ध** र **शब्दातीत शान्तनु** उपन्यासलाई यौन र समाजको आकृति स्पष्ट रूपमा देखिएको भए पनि नेपाली मानसिकताको प्रणयआवेग, स्वप्नील आकाङ्क्षा एवं पलायन आदिलाई प्रस्तुत गर्ने प्रवृत्ति देखाएकाले यी उपन्यासहरू स्वच्छन्दतावादी सृजनधारामा प्रवाहित भएका छन् भन्दै पात्रको भन्दा उपन्यासको प्रवृत्तिलाई केलाएका छन् ।

## १.५ शोधको औचित्य, महत्त्व र उपयोगिता

वानीरा गिरिका तीनवटै उपन्यासका नारी पात्रका सम्बन्धमा विभिन्न विद्वानहरूले सामान्य चर्चा-परिचर्चा एवं कुनै एउटा कोणबाट मात्र अध्ययन गरेका छन् । **कारागार, निर्बन्ध** र **शब्दातीत शान्तनु** उपन्यासका सबै नारी पात्रलाई समेटेर समग्र अध्ययन भएको पाइँदैन । त्यसैले यस शोधमा यिनै तीनवटा उपन्यासका सम्पूर्ण नारी पात्रको सम्बन्धमा

रहेर अध्ययन केन्द्रित गरिएकाले औचित्यपूर्ण छ । त्यसैगरी गिरिका उपन्यासमा चाख राख्ने समालोचक, शिक्षक, विद्यार्थी, पाठक सबैलाई यो शोध महत्त्वपूर्ण एवं उपयोगीमूलक रहेको छ ।

## १.६ सामग्री सङ्कलन र शोधविधि

वानीरा गिरिका **कारागार, निर्बन्ध** र **शब्दातीत शान्तनु** उपन्यासका नारी पात्रको अध्ययनमा केन्द्रित रहेको प्रस्तुत शोधपत्रका लागि मुख्य रूपमा पुस्तकालयीय विधिलाई सामग्री सङ्कलनको आधार बनाइएको छ । त्यसैगरी विभिन्न विद्वानहरूबाट पनि आवश्यक सल्लाह, सुझाव लिने काम गरिएको छ । प्रस्तुत शोधपत्र वर्णनात्मक र विश्लेषणात्मक विधिलाई प्रयोग गरी तयार गरिएको छ ।

## १.७ अध्ययनको सीमाङ्कन

वानीरा गिरिका आफ्नो साहित्ययात्राका क्रममा दुईवटा नेपाली कवितासङ्ग्रह, दुईवटा अङ्ग्रेजी कवितासङ्ग्रह अनि तीनवटा उपन्यास प्रकाशित रहेका छन् । प्रस्तुत शोधकार्य उनका **कारागार, निर्बन्ध** र **शब्दातीत शान्तनु** उपन्यासका नारी पात्रको अध्ययनमा सीमित छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको व्यवस्थापन निम्नलिखित पाँच परिच्छेदमा रहेको छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोधपरिचय । |
| दोस्रो परिच्छेद | : | पात्रविधानको सैद्धान्तिक परिचय । |
| तेस्रो परिच्छेद | : | वानीरा गिरिको साहित्ययात्रा । |
| चौथो परिच्छेद | : | वानीरा गिरिका उपन्यासमा नारी पात्र । |
| पाँचौं परिच्छेद | : | उपसंहार । |

सन्दर्भग्रन्थसूची ।

प्रस्तुत शोधपत्रलाई मुख्यतः उपर्युक्त पाँच परिच्छेदमा विभाजन गरी आवश्यकता-अनुसार शीर्षक, उपशीर्षकहरूमा राखिएको छ ।

# परिच्छेद दुई

# पात्रविधानको सैद्धान्तिक परिचय

## २.१ विषयप्रवेश

उपन्यासका विभिन्न तत्त्वहरूमध्ये पात्र पनि एक महत्त्वपूर्ण तत्त्व हो (घर्ती, २०६० : १६३) । उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महत्त्वपूर्ण जिम्मेवारी पात्रको हुन्छ (बराल र एटम, २०५८ : ३०) । पात्रले लेखकका भावनालाई, दृष्टिकोणलाई एवं अन्य विविध विषयलाई वहन गरेर हिँडेका हुन्छन् । मान्छेका शाश्वत सत्यलाई उद्घाटन गर्ने पक्षहरू पनि मान्छेकै चरित्रमा उद्घाटित भएका हुन्छन् (सुवेदी, २०६४ : २३) । कथोपकथनले घटनाहरूलाई भन्दा अधिक चरित्रलाई व्यञ्जित र प्रकाशित गर्छ, साथै आख्यानको उद्देश्यको महत्ता पनि चरित्रमा नै निहित हुन्छ (वर्मा तथा अन्य, २०२० : ३६८) । यसरी उपन्यासको प्रमुख घटकको रूपमा पात्र वा चरित्र रहेको हुन्छ ।

## २.२ पात्रको परिभाषा

उपन्यासमा घटना सञ्चालन गर्ने व्यक्तिलाई बुझाउने पात्र शब्द संस्कृत स्रोतबाट लिइएको हो । कोशीय अर्थलाई दृष्टिगत गर्दा 'पात्र' शब्दले व्यक्तिलाई र 'चरित्र' शब्दले व्यक्तिका स्वभाव, प्रवृत्ति, आदत, व्यवहार, चालचलन भन्ने बुझिन्छ (शर्मा, २०५५ : २७०) । कोशअनुसार 'पात्र' शब्दको विभिन्न अर्थ लाग्ने भए पनि साहित्यका सन्दर्भमा नाटकको पात्र अभिनेता तथा काव्य, कथा, उपन्यास आदिका नायक, नायिका तथा अन्य व्यक्तिहरू भन्ने अर्थ नै उपयुक्त देखिन्छ । संस्कृत साहित्यमा प्राचीन कालदेखि नै नाटकका सन्दर्भमा पात्रको विवेचना गरिएको पाइन्छ । भरतमुनिले नायक, नायिकासम्बन्धी विस्तृत विवेचना प्रस्तुत गरेका छन् । धनन्जयले नाटकका प्रमुख तत्त्वहरूमा वस्तु, नेता र रसलाई मान्दै पात्रलाई नेता भनेका छन् (धनञ्जय, २०१९ : ७) ।

‘पात्र’ शब्द अङ्ग्रेजी साहित्यमा प्रचलित ‘क्यारेक्टर’ शब्दको पर्यायवाचीका रूपमा नेपाली साहित्यमा प्रचलित रहेको छ । साहित्यमा पारिभाषिक रूपमा ‘क्यारेक्टर’ शब्द सत्रौं शताब्दीमा प्रचलित भएको हो । अङ्ग्रेजीमा ‘क्यारेक्टर’ शब्दको कोशीय अर्थ अङ्कित गर्नु, छाप लगाउनु, नाम लेख्नु, अभिनय गर्नु, निश्चित लक्षणद्वारा भेद देखाउनु आदि हुन्छ (मुर्रे तथा अन्य, ई. १९३३ : २८१) । यी कोशीय अर्थले अहिले ‘क्यारेक्टर’ शब्दबाट साहित्यमा जुन पारिभाषिक अर्थ बुझिन्छ, त्यसलाई वहन गर्न सकेको देखिँदैन ।

नेपाली साहित्यमा पात्रको समानार्थी रूपमा ‘चरित्र’ शब्द पनि प्रचलित रहेको देखिन्छ । चरित्रको शाब्दिक अर्थ व्यवहार, आदत, चालचलन, अभ्यास, कृत्य, कर्म, प्रकृति, स्वभाव, कर्तव्य आदि हुन्छ (आप्टे, १९९६ : ३७४) । कोशीय अर्थलाई दृष्टिगत गर्दा पात्र शब्दले व्यक्तिलाई र चरित्र शब्दले व्यक्तिका स्वभाव, प्रकृति, आदत, व्यवहार, चालचलन भन्ने बुझिन्छ (नेपाली साहित्यकोश, २०५५ : २७०) ।

चरित्र वा पात्रको परिभाषा विभिन्न विद्वानहरूले आ-आफ्नै किसिमले दिएका छन् :

**क) अरिस्टोटल**

“चरित्र त्यो हो जसले हामीलाई अभिकर्ताहरूमा नैतिक गुणहरू मानिलिन लाउँछ, अनि विचार एउटा विशेष तथ्य प्रमाणित गर्दा वा यो हुन सक्छ, एउटा सामान्य सत्यता प्रतिपादित गर्दा तिनीहरूले जे बोलेका सबैमा प्रत्यक्ष हुन्छ” (चामलिङ, २०४० : १८२) ।

**ख) एम्. एच्. अब्राम्स**

“पात्रले नाटकीय वा आख्यानात्मक कार्यमा व्यक्तिको प्रतिनिधित्व गर्दछन्” (अब्राम्स, २००० : ३२) ।

**ग) स्कट मेरिडिथ**

“पात्रहरूलाई वैयक्तिक तथा विशिष्ट विशेषताहरूको वैविध्यको स्पष्टीकरण गर्ने प्रणाली विशेषको रूपमा परिभाषित गरेका छन्” (प्रधान, २०४३ : ११) ।

**घ) मोहनराज शर्मा**

"आख्यानमा पाइने व्यक्तिलाई पात्र भनिन्छ" (शर्मा, २०५९ : ११४) ।

**ङ) टङ्कप्रसाद न्यौपाने**

"उपन्यासभित्रका हर्षविषाद्, जय पराजयसँग सम्बन्धित विभिन्न घटनाहरूका कर्ता, भोक्ता वा द्रष्टालाई पात्र वा चरित्र भनिन्छ" (न्यौपाने, २०३८ : १८८) ।

**च) ऋषिराज बराल**

"कथावस्तुसित सम्बद्ध विविध कथानक तथा तन्तुहरूलाई गति दिने माध्यम चरित्रहरू हुन्" (बराल, २०५६ : ३२) ।

यसरी यी विविध परिभाषाका आधारमा पात्रको परिभाषा निम्न किसिमले दिन सकिन्छ :

"उपन्यासको कथानकमा उपस्थित वा सम्बद्ध व्यक्तिलाई पात्र भनिन्छ" ।

## २.२.१ पात्रको प्रकार

उपन्यासमा प्रयोग गरिने चरित्रहरू जीवनका विभिन्न सन्दर्भहरूबाट टिपिने हुँदा तिनमा पनि विभिन्नताको आरोपण गरिएको हुन्छ अथवा पाइन्छ (बराल र एटम, २०५८ : ३०) । साँच्चै भन्दा मान्छे जति किसिमका हुन्छन्, पात्र पनि त्यति नै किसिमका हुन्छन् । त्यसैले पात्र यति नै हुन्छन् भनेर वर्गीकरण गर्न एकदमै कठिन छ । त्यसो भए पनि प्राचीन कालदेखि नै पूर्वीय तथा पाश्चात्य साहित्यमा पात्रको वर्गीकरण गर्ने प्रयास गरिएको देखिन्छ ।

(१) भरतमुनिले सङ्क्षेपमा स्त्रीहरूको र पुरुषहरूको उत्तम, मध्यम र अधमका भेदले तीन किसिमको प्रकृति छ भनी बताएका छन् । त्यसमा पनि उत्तम प्रकृतिका नाना लक्षणयुक्त १. धीरोद्धत, २. धीरललित, ३. धीरोदात्त र ४. धीरप्रशान्त गरी चारथरी नायक नाटकमा हुन्छन् भनी उल्लेख गरेका छन् । यी चारथरी नाटकका आश्रय भएका नायकहरू हुन् । देवताहरू धीरोद्धत, राजाहरू धीरललित, सेनापति र अमात्य (मन्त्रीहरू) धीरोदात्त,

ब्राह्मण र बनियाहरू धीरप्रशान्त हुन्छन् भनी बताएका छन् । त्यस्तै नायिकाहरू १. दिव्या, २. नृपपत्नि, ३. कुलस्त्री र ४. गणिकाका भेदले चारथरी छन् । यी दिव्यस्त्री र राजस्त्रीहरू १. धीर, २. ललित, ३. उदात्त, ४. निभृत चारै गुणले युक्त भएकी हुन्छे, गणिका र शिल्पकारी स्त्री उदात्त र ललित गुणले युक्त हुन्छन् भनी बताएका छन् (भट्टराई, २०३९ : ४०६) ।

(२) पाश्चात्य साहित्यमा अरिष्टोटलले दुःखान्तका सन्दर्भमा पात्रलाई दुई प्रकारले विभाजन गरेका छन् (चामलिङ, २०४० : १९५) :

**क**) असल

**ख**) खराब

सकारात्मक भूमिका निर्वाह गरेर पाठकको सहानुभूति प्राप्त गर्ने पात्र असल पात्र हुन् त्यसैगरी नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने पात्र खराब हुन्छ ।

(३) हिमांशु थापाले उपन्यासका पात्रलाई सक्रियताका आधारमा दुई वर्गमा विभाजन गरेका छन् (थापा, २०४२ : १२८) :

**क**) गतिशील

**ख**) स्थिर

उपन्यासमा घटित परिस्थितिको हरेक मोडले परिवर्तित तुल्याउने चरित्र गतिशील चरित्र हुन् । यस्ता खालका चरित्र बढी सक्रिय हुन्छन् । त्यस्तै उपन्यासमा घटित कुनै पनि परिस्थितिले परिवर्तित नहुने चरित्र स्थिर चरित्र हो ।

(४) प्रवृत्तिगत आधारमा चरित्रलाई दुई भागमा विभाजन गर्न सकिन्छ (थापा, २०४२ : १३०-१३१) :

**क**) व्यक्तिप्रधान चरित्र

**ख**) वर्गप्रधान चरित्र

व्यक्तिप्रधान चरित्रमा व्यक्तिको प्रधानता हुने हुनाले वैयक्तिक भावना र संवेदनाले प्रश्रय पाएको हुन्छ । एउटा व्यक्तिकै चारित्रिक विश्लेषण हुने हुनाले व्यक्तिप्रधान चरित्र

वर्गलाई प्रतिनिधित्व गर्न सक्षम हुँदैन । वर्गप्रधान चरित्रमा व्यक्तिको चरित्रले कुनै वर्ग वा समुदायको प्रतिनिधित्व गर्छ र जसको अभीष्ट कुनै निश्चित वर्गको सुख, दुःख र समस्याको प्रस्तुति गर्नु हुन्छ ।

(५) उपन्यासमा निर्वाह हुने भूमिकाको आधारमा पात्रलाई प्रतापचन्द्र प्रधानले निम्नलिखित तीन श्रेणीमा विभक्त गरेका छन् (प्रधान, २०४० : ७३) :

**क**) प्रमुख चरित्र

**ख**) गौण चरित्र

**ग**) अतिगौण चरित्र

प्रमुख चरित्र उपन्यासमा केन्द्रीय भूमिका निर्वाह गर्ने पात्रहरू नै हुन्, जसको उपस्थिति कथानकको आदिदेखि अन्त्यसम्म सबभन्दा बढी रहेको हुन्छ अनि जसले कथानकलाई अघि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । प्रमुख चरित्रको चारित्रिक विकासमा गौरव, प्रतिष्ठा र महत्ता प्रदान गर्न आएका सह-पात्रहरू नै गौण चरित्रभित्र पर्दछन् । उपन्यासमा यिनीहरूको सहायक भूमिका हुन्छ । उपन्यासमा अन्य चरित्रको तुलनामा केही समय झलक्क झुल्किने अनि हराउने पात्र नै अतिगौण चरित्र हुन् । कथानक विकासमा यिनीहरूको केही पनि भूमिका रहँदैन ।

(६) टङ्कप्रसाद न्यौपानेले कथावस्तुका दृष्टिले प्रधान र गौण पात्र, चरित्र चित्रणका दृष्टिले स्थिर र गतिशील पात्र, भूमिकाका दृष्टिले वर्गीय र वैयक्तिक पात्र भनी वर्गीकरण गरेका छन् (न्यौपाने, २०३८ : १९०-१९२) ।

कथानकसँग जुन-जुन पात्रपात्राको मूल र प्रत्यक्ष सम्बन्ध छ, जुन जुन पात्रपात्राहरू आदिदेखि अन्तसम्म सक्रिय रूपमा रहन्छन्, तिनीहरू प्रधान पात्र हुन् भने जुन-जुन पात्रपात्राहरू वातावरणको सृष्टि गर्न, प्रधान पात्रपात्रालाई मद्दत गर्न सहायक कथाको सिद्धिका लागि उपस्थित हुन्छन्, ती गौण पात्र हुन्छन् ।

जुन पात्रपात्राहरू पारम्परिक संस्कारजन्य हुन्छन्, आदिदेखि अन्तसम्म एउटै ढर्रामा रहन्छन्, जीवनका परिवर्तनशील परिस्थितिमा पनि कुनै परिवर्तन आउँदैन, एकपल्ट चिनिसकेपछि फेरी चिन्नुपर्ने आवश्यकता नै पर्दैन भने त्यस्ता चरित्रहरू स्थिर भनिन्छन्, तर

ती पात्रपात्राहरू जुन परिवेश, परिस्थिति वा अन्य पात्रपात्राको प्रभावबाट परिवर्तित हुँदै जान्छन्, उनीहरूमा अनेक उत्थान-पतन आई नै रहन्छ, अनेक मोडमा पुग्दै घुम्दै निरन्तर अघि बढ्ने प्रयास गरिरहन्छन् भने त्यस्ता पात्रपात्राहरू गतिशील हुन्छन् ।

जुन पात्रपात्राहरू आफ्नो स्वतन्त्र, वैयक्तिक विशेषता चरित्रभन्दा पनि आफ्नो सामान्य जातीय धर्म, परिवेश, वातावरण, समाज अर्थात खास कुनै एक वर्गको प्रतिनिधित्व गर्दछन् भने यस्ता पात्रपात्राहरू वर्गीय चरित्र अन्तर्गत पर्दछन् । जुन पात्रपात्राहरूमा कुनै जातीय वा देशीय वर्गमा पाइने सामान्य चरित्रहरूको प्रतिनिधित्व हुन्न, बरू आफ्ना स्वतन्त्र निजी आस्था-अनास्था, गुण-अवगुणद्वारा अरूबाट छुट्टिन्छन्, सादृश्य राख्दैनन्, प्रशस्त व्यक्तिकृत छन् भने यस्ता चरित्रलाई व्यक्तिप्रधान चरित्र भनिन्छ । यिनीहरू प्रायः एक्ला जस्ता देखिन्छन्, नित्य नवीन हुन्छन्, अतः एक आकर्षक पनि (न्यौपाने, २०३८ : १९०-१९२) ।

(७) ऋषिराज बरालले पात्रको वर्गीकरण उपन्यासको परम्परामा निम्न किसिमले गर्ने गरिएको उल्लेख गरेका छन् (बराल, २०६३ : ३४) :

**क**) गतिशील र स्थिर पात्र
**ख**) गोला र चेप्टा पात्र
**ग**) प्रतिनिधि र व्यक्तिपरक पात्र
**घ**) अन्तर्मुखी र बहिर्मुखी पात्र

गतिशील पात्रहरू कथानकको मोड र गतिअनुसार क्रियाशील हुन्छन्, कथावस्तुमा देखिने अवरोध र गतिको मोडअनुसार असल र खराब वा भिन्नभिन्न प्रवृत्तिमा देखा पर्दछन् । तर स्थिर पात्र आरम्भदेखि अन्तसम्म एउटै मूल्य, एउटै चरित्र र एउटै चरित्रका साथमा देखा पर्दछन्, जसको गतिमा कुनै भिन्नता वा आरोह-अवरोह देखिँदैन । प्रायः गतिशील पात्रलाई उत्तम र स्थिर पात्रलाई हीन पात्रको रूपमा पनि लिने गरिएको छ ।

गोला पात्र जीवनलाई आफैँ भोग्छन् । ती जिउँदा प्राणी हुन् किनभने यिनको चरित्रको एउटैमात्र आयाम हुँदैन । यस्ता पात्र मनोविश्लेषणका लागि अत्यन्त प्रभावकारी

ठहर्दछन् । चेप्टा पात्रमा आदर्शको मात्रा गह्रौं हुन्छ भने स्रष्टाको निश्चित धारणामा चेप्टा पात्र अड्छन् । त्यसैले ती सतही र अप्रभावकारी हुन्छन् (बराल र एटम, २०५८ : ३१) ।

कुनै समाज, वर्ग वा समुदायको प्रतिनिधि पात्रको रूपमा व्यक्तिले आफूलाई उभ्याएको छ भने त्यो प्रतिनिधि पात्र हो । त्यसमा व्यक्तिका सुख, दुःखले कुनै वर्ग विशेषको अवस्थाको बोध गराएको हुन्छ । व्यक्तिपरक पात्रमा व्यक्तिको प्रधानता रहने हुनाले यसमा वैयक्तिक भावनाले बढी प्रश्रय पाएको हुन्छ । यस खालका पात्रले वर्गको प्रतिनिधित्व गर्न सकेको देखिँदैन ।

आफ्ना मनका भावना, चाहना विशेषतः आफैं नै राखेर स्पष्ट रूपमा अन्यसँग साटासाट गर्न नचाहने, सांसारिक भीडबाट परै बस्न चाहने पात्र अन्तर्मुखी पात्र हुन्, तर बहिर्मुखी पात्रहरू भने मनका चाहना, भावना अरूमाझ पोखिहाल्ने, सधैं सम्पर्कमा रहने हुन्छन् ।

(८) मोहनराज शर्माले पात्रको वर्गीकरण निम्नलिखित आधारअनुरूप गर्दा स्पष्ट हुने जनाएका छन् (शर्मा, २०४९ : १५५-१५८) :

| | | | |
|---|---|---|---|
| **क**) | लिङ्गका आधारमा | : | पुलिङ्ग र स्त्रीलिङ्ग |
| **ख**) | कार्यका आधारमा | : | प्रमुख, सहायक र गौण |
| **ग**) | प्रवृत्तिका आधारमा | : | अनुकूल र प्रतिकूल |
| **घ**) | स्वभावका आधारमा | : | गतिशील र गतिहीन |
| **ङ**) | जीवनचेतनाका आधारमा | : | वर्गगत र व्यक्तिगत |
| **च**) | आसन्नताका आधारमा | : | नेपथ्यपात्र र मञ्चपात्र |
| **छ**) | आबद्धताका आधारमा | : | बद्धपात्र र मुक्तपात्र |

लिङ्गका आधारमा पात्र पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई प्रकारका हुन्छन् । यो व्यक्ति वा पात्रको शारीरिक जात छुट्याउने आधार हो । आख्यानात्मक कृतिमा प्रयुक्त पात्रहरूको पुलिङ्गी र स्त्रीलिङ्गी नामाकरणका आधारमा पुलिङ्ग र स्त्रीलिङ्ग वर्गमा सजिलै विभाजित गर्न सकिन्छ ।

आख्यानात्मक कृतिमा सबै पात्रले उत्तिकै महत्त्वका कार्य गर्दैनन् । कार्यमूल्यको घटीबढीका आधारमा पात्रहरू प्रमुख, सहायक र गौण गरी तीन प्रकारका छन् । जुन व्यक्तिको नाम/सर्वनामको पुनरावृत्ति सबभन्दा बढी हुन्छ, त्यो प्रमुख पात्र हुन्छ, जुन नाम/सर्वनामको पुनरावृत्ति सबभन्दा कम हुन्छ, त्यो सहायक पात्र हुन्छ र जुन नाम/सर्वनामको पुनरावृत्ति त्यसभन्दा पनि कम हुन्छ, त्यो गौण पात्र हुन्छ ।

प्रवृत्तिगत सकारात्मकता र नकारात्मकताका आधारमा पात्र अनुकूल र प्रतिकूल गरी दुई वर्गका हुन्छन् । अनुकूल वर्गका पात्रमा खलत्व हुँदैन र प्रतिकूल वर्गको पात्रमा खलत्व हुन्छ । कृतिमा अनुकूल र प्रतिकूल चरित्रका आधारमा नायक, खलनायक, नायिका र खलनायिकाको टुङ्गो लगाइन्छ ।

स्वभावका आधारमा पात्र गतिशील र गतिहीन गरी दुई प्रकारका हुन्छन् । स्थितिअनुरूप बदलिने पात्र गतिशील वर्गका हुन्छन् भने आद्यन्त उस्तै रहने चाहिँ गतिहीन वर्गका हुन्छन् । कृतिमा गतिशील वर्गका पात्रको रूपछवि प्रायः क्रमात्मक शब्दसमूहद्वारा र गतिहीन पात्रको रूपछवि प्रायः वर्गात्मक शब्दसमूहद्वारा कुँदिएको हुन्छ । यस आधारबाट नयाँनयाँ रूप लिने र एकैनास रहिरहने पात्रको विभेद गर्न सकिन्छ ।

आफ्नोमात्र वा अरूको जीवनको पनि प्रतिनिधित्व गर्ने चेतनाका आधारमा पात्र वर्गगत र व्यक्तिगत दुई वर्गका हुन्छन् । वर्गगत पात्रले कृतिमा कुनै सामाजिक वर्गको प्रतिनिधित्व गर्छ भने व्यक्तिगत पात्रले यस तरहको प्रतिनिधित्व नगरेर आफ्नैमात्र प्रतिनिधित्व गर्छ ।

आख्यानात्मक कृतिमा उपस्थिति वा आसन्नताका आधारमा पात्रहरू नेपथ्य र मञ्च गरेर दुई वर्गका छन् । कृतिमा नेपथ्य पात्रको परोक्ष वर्णन र उपस्थिति हुन्छ भने मञ्च पात्रले प्रत्यक्ष कार्य गर्दछ ।

कृतिको कथानकमा बाँधिने र नबाँधिने आधारमा पनि पात्र बद्ध र मुक्त गरेर दुई वर्गका हुन्छन् । कृतिको पर्याधारमा रहेका सन्दर्भहरूमा बाँधिएर सार्थक हुने पात्रलाई बद्ध र सो पर्याधारबाट स्वतन्त्र भएर पनि सार्थक हुने पात्रलाई मुक्त पात्र भनिन्छ । बद्ध पात्रलाई

झिक्दा कृतिको संरचना भत्किन्छ वा खजमजिन्छ, तर मुक्त पात्रलाई झिक्दा संरचनामा कुनै धक्का पुग्दैन (शर्मा, २०४९ : १५५-१५८) ।

(९) कृष्णहरि बराल र नेत्र एटमले उपन्यासमा प्रयोग गरिने चरित्रका केही प्रकार यसरी दिएका छन् (बराल र एटम, २०५८ : ३०) :

**क**) गतिशील र गतिहीन

**ख**) यथार्थ र आदर्श

**ग**) अन्तर्मुखी र बहिर्मुखी

**घ**) गोला र चेप्टा

**ङ**) सार्वभौम र आञ्चलिक

**च**) पारम्परिक र मौलिक

वातावरण वा कुनै घटनाले गर्दा परिवर्तन नहुने पात्र गतिशील हुन्छ । आदिदेखि अन्त्यसम्म चारित्रिक दृष्टिले भिन्नता नआउने पात्र गतिहीन हुन्छ ।

समाजको वास्तविक संसारलाई प्रतिनिधित्व गर्ने खालको पात्र यथार्थ हुन्छ, जसको हरएक क्षणमा पाठक संवेदित भई मनोभावनालाई यसै अनुकूल बनाउँछ । यस्ता उपन्यास पढ्दा जीवन पात्रले होइन आफैँले भोगेजस्तो लाग्छ । त्यसको साटो आदर्श पात्रले उच्च आकाङ्क्षा बोके पनि 'यस्तो हुनुपर्छ' भन्ने सन्देश दिन आउने हुँदा उसमा यथार्थको अभाव हुन्छ ।

जीवनलाई आफ्नै संरचनामा ढालेर सांसारिक भद्रगोलदेखि टाढा बस्न चाहने पात्र अन्तर्मुखी हुन्छ । अर्कातिर बहिर्मुखी पात्रको स्वभावचाहिँ आफ्ना मनका कुराहरू अरूलाई भनिहाल्ने र बाहिरी सम्पर्कमा रम्ने हुँदा आशावादी हुन्छ ।

जीवनलाई जटिल रूपले भोग्ने र क्षणक्षणमा विशेषता परिवर्तन गरी कथानक नै रोमाञ्चक बनाउने पात्रलाई गोला पात्र भनिन्छ । गोला पात्रमा स्वच्छन्दता र स्वाभाविकता ज्यादा हुन्छ । जीवनलाई सपाट रूपमा भोग्ने र विशेषगरी सजिलै बुझ्न सकिने पात्रलाई चेप्टा पात्र भनिन्छ ।

जतातते उही रूपले ग्रहण गर्न सकिने पात्र सार्वभौम हुन्छ जसका क्रियाकलाप वातावरणमा आरूढ हुँदैनन् । मानवकै मौलिक सम्पत्तिका रूपमा तिनले मान्यता पाउँछन् । आञ्चलिक पात्र भने आफ्नो निश्चित पर्यावरणमा विशिष्ट पहिचान लिएर बसेका हुन्छन् । यिनले निजी संस्कार र आन्तरिक रूप प्रदर्शन गर्छन् ।

पूर्वपरिचित स्वभाव, आचरण र कार्यकै अनुकरणमा कुदिहिँड्ने पात्र पारम्परिक हुन्छन् । मौलिक पात्र भनेको स्रष्टाको नव सिर्जना हो । यसमा पाठकलाई तान्ने शक्ति हुन्छ (बराल र एटम, २०५८ : ३०-३२) ।

पात्रविश्लेषणको ढाँचा धेरै प्रकारले गर्न सकिन्छ । सबै विद्वान्ले दिएका पात्रका वर्गीकरणका आधारमा पात्रको विश्लेषण गर्दा बढी व्यावहारिक नहुने एवम् व्यापक हुन जान्छ । त्यसैले मोहनराज शर्माले दिएको पात्रवर्गीकरणलाई नै यस अध्ययनमा पात्रविश्लेषणको आधार बनाइएको छ ।

| | | | |
|---|---|---|---|
| **क**) | लिङ्गका आधारमा | : | पुलिङ्ग र स्त्रीलिङ्ग |
| **ख**) | कार्यका आधारमा | : | प्रमुख, सहायक र गौण |
| **ग**) | प्रवृत्तिका आधारमा | : | अनुकूल र प्रतिकूल |
| **घ**) | स्वभावका आधारमा | : | गतिशील र गतिहीन |
| **ङ**) | जीवनचेतनाका आधारमा | : | वर्गगत र व्यक्तिगत |
| **च**) | आसन्नताका आधारमा | : | नेपथ्यपात्र र मञ्चपात्र |
| **छ**) | आबद्धताका आधारमा | : | बद्धपात्र र मुक्तपात्र |

## २.३ निष्कर्ष

उपन्यासको अत्यावश्यक एवं महत्त्वपूर्ण तत्त्वका रूपमा पात्र रहेको हुन्छ । पात्रलाई आ-आफ्नै किसिमले विद्वानहरूले वर्गीकरण गरेका छन् तर अन्य विद्वान्हरूको तुलनामा मोहनराज शर्माले गरेको वर्गीकरण बढी वैज्ञानिक र वस्तुपरक रहेको छ । उनको वर्गीकरणले उपन्यासमा उपस्थित पात्रको सम्पूर्ण स्वरूपलाई चित्रण गर्न सकेको देखिन्छ । यसकारण यसै वर्गीकरणलाई प्रस्तुत पात्रविश्लेषणको प्रमुख आधार बनाइएको छ ।

# परिच्छेद तीन

# वानीरा गिरिको उपन्यासयात्रा

## ३.१ विषयप्रवेश

वानीरा गिरि नेपाली साहित्यकी बहुमुखी प्रतिभा हुन् । उनले कविता, उपन्यास आदि विधामा कलम चलाएकी छन् । तीमध्ये विशेषगरी कविता एवं उपन्यासमा उनको प्रतिभाले सफलता प्राप्त गरेको देखिन्छ । नारी पात्रको अध्ययन गर्ने सन्दर्भमा उनको उपन्यासयात्राको परिचय दिनु पनि उपयुक्त देखिन्छ ।

## ३.२ वानीरा गिरिको जीवनीको संक्षिप्त परिचय

बाबु इन्द्रराज गिरि तथा आमा जानकीदेवी गिरिका छैटौं सन्तानको रूपमा भारतको पश्चिम बङ्गाल राज्यको प्राकृतिक छटाले युक्त दार्जिलिङ्ग जिल्लाको खर्साङ्ग बजारमा वि.सं. २००३ साल वैशाख २९ गते वानीरा गिरिको जन्म भएको हो । तिथिअनुसार अक्षय तृतीयाका दिन जन्मिएकी हुनाले बुबाआमाले सानामा उनलाई सत्यदेवी पनि भन्थे । उनको आफ्नो बाल्यकाल खर्साङकै प्राकृतिक मनोरम स्थानमा बितेको थियो । उनी छ वर्षको छँदा वि.सं. २००९ सालमा उनकी आमाको मृत्यु भयो । सानै उमेरमा ममतामयी आमाको विछोडको दुःखद पीडा पनि सहन गिरि विवश भएकी हुन् (पाण्डे, २०३८ : १) ।

वानीरा गिरिको सुरुको पढाइ 'स्कट मिसन स्कुल' खर्साङ्गमा भएको हो । उनले उक्त स्कुलबाट कक्षा एकदेखि ६ सम्म लगातार प्रथम स्थान प्राप्त गरी कक्षोन्नति गरेकी थिइन् । २०१३ सालदेखि उनको पढाइ 'सेन्टजोसेफ स्कुल' खर्साङमा भयो । उनले सातौं र आठौं कक्षामा प्रथम अनि नवौं र दसौं कक्षामा द्वितीय स्थान प्राप्त गरिन् भने २०१६ सालमा त्यसै स्कुलबाट एस्.एल्.सी. परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरिन् र विषय परिवर्तन गरी कलातर्फ बी.ए. पढ्न थालिन् । अनि अर्थशास्त्र, शिक्षा, अङ्ग्रेजी र नेपाली विषय लिएर 'नर्थ बङ्गाल युनिभर्सिटी'बाट वि.सं. २०२२ सालमा बी.ए. उत्तीर्ण भइन् । त्यसपछि वि.सं. २०२२ सालमै काठमाडौं आएर त्रिभुवन विश्वविद्यालयको छात्रवृत्तिअन्तर्गत नेपाली विषयमा स्नातकोत्तर उत्तीर्ण गरिन् (पाण्डे, २०३८ : १-२) । त्यसैगरी वि.सं. २०३९ सालमा त्रिभुवन

विश्वविद्यालयबाट नै 'गोपालप्रसाद रिमालका काव्यमा स्वच्छन्दतावाद' विषयक शीर्षकमा विद्यावारिधि प्राप्त गरिन् ।

गिरिले साहित्यिक सहभागिताका क्रममा विभिन्न देशको भ्रमण गरेकी छन् । ती देशहरूमा भारत, पाकिस्तान, रूस, अमेरिका, नेदरल्याण्ड, जापान, फ्रान्स, इटली, बेलायत, स्विट्जरल्याण्ड, डेनमार्क, नर्वे, थाइल्याण्ड, सिङ्गापुर, हङकङ लगायत छन् । उनले सिर्जना गरेको साहित्यिक कृतिका लागि रत्नश्री स्वर्णपदक, २०५६ सालमा **शब्दातीत शान्तनु** उपन्यासका लागि साझा पुरस्कार प्राप्त गरेकी उनी गोरखादक्षिणबाहु (चौथा)बाट पनि सम्मानित भएकी छन् (गिरि, २०६० : आवरण) । यसरी धेरै साहित्यकारहरूको भीडमा गिरि एक उत्कृष्ट साहित्यकारको रूपमा परिचित छिन् ।

## ३.३ व्यक्तित्व

### ३.३.१ साहित्यिक व्यक्तित्व

वानीराको साहित्यिक व्यक्तित्व निर्माणमा प्रथमतः उनकी आमाको ठूलो प्रभाव भएको कुरा स्वयं उनी स्वीकार्छिन् (दीक्षित, २०३६ : १-७) । आफ्नो सात वर्षको कलिलो उमेरमा आमाको मृत्यु भएको भए पनि आमाको भक्तिपरायणता, अनुशासनप्रियता, सुरिलो स्वर तथा सुन्दर रूपबाट वानीराको बाल्यकालीन अवचेतन प्रभावित भएको बुझिन्छ (दीक्षित, २०३६ : १-७) । त्यही प्रभावले उनको साहित्यिक जीवनको थालनीमा पनि महत्त्वपूर्ण भूमिका खेलेको अनुभव हुन्छ ।

सुरुसुरुमा रहरै रहरले तुक्काबन्दी मिलाई कविता रचना गर्ने वानीराले आफ्नो बाबुको मृत्यु (२०१९)पश्चात् आफूमाथि आइपरेको आर्थिक समस्याबाट बच्न सृजनात्मक प्रतिभालाई उपभोग गरेको पाइन्छ (दीक्षित, २०३६ : १-७) । यसरी विद्यार्थी जीवनमा आएको आर्थिक विपन्नताले उनको साहित्यिक अभ्यासमा भूमिका खेलेको देखिन्छ ।

#### क) कवि व्यक्तित्व

वि.सं. २०२० सालमा 'कदम बढाउ' शीर्षक कविताबाट आफ्नो कवितायात्रा प्रारम्भ गरेकी गिरिका दुईवटा नेपाली कवितासङ्ग्रह 'एउटा जिउँदो जङ्गबहादुर' र 'जीवन :

थाय्मरू' प्रकाशित छन् । त्यसैगरी अङ्ग्रेजी भाषामा 'फ्रम द अदर इण्ड' प्रकाशित छ भने अर्को कवितासङ्ग्रह 'मेरो आविष्कार' नेपाली भाषामा र त्यसको अनुवाद 'माइ डिस्कभरी' पनि प्रकाशित छ (गिरि, २०६० : आवरण पृष्ठ) । उनका सुरुसुरुका कवितामा कोमल भावनाका साथै शैलीगत सरलता देखिन्छ भने पछिल्ला कवितामा समसामयिक सामाजिक स्थितिप्रति व्यङ्ग्य र विद्रोहका साथै विसङ्गतिबोध एवं अस्मिताबोधको गन्ध पनि भेटिन्छ । कवयित्री वानीरा प्रथमतः स्वच्छन्दतावाद र प्रगतिवादबाट प्रभावित देखिन्छिन् भने क्रमशः उनका कवितामा अतियथार्थवादी र विसङ्गतिवादी अभिव्यक्ति प्रक्रियाको पनि पर्याप्त असर परेको पाइन्छ (पाण्डे, २०३८ : १४) ।

समष्टिमा भन्नुपर्दा दुई प्रकारका काव्य प्रक्रियाका चापमा उनको कवि व्यक्तित्व गतिशील रहेको छ । अर्थात् उनी प्रथमतः नेपाली कविताको स्वच्छन्दतावादी-प्रगतिवादी देवकोटा धाराबाट प्रेरित हुँदै क्रमशः मोहन कोइराला आदिको प्रयोगवादी धारालाई पनि वरण गर्दै गतिशील रहेकी समसामयिक कवयित्री हुन् (त्रिपाठी, २०३२ : १२९-१५०) ।

### ख) उपन्यासकार व्यक्तित्व

वानीरा गिरिले लेखेको **कारागार** (२०३५) उपन्यासबाट उनको उपन्यासकार व्यक्तित्व प्रारम्भ हुन्छ । त्यस्तै **निर्बन्ध** (२०४२) र **शब्दातीत शान्तनु** (२०५६) उपन्यासले उनको उपन्यासकार व्यक्तित्वलाई अझ उचाइमा पुऱ्याएको छ । विधागत मोडको रूपमा गिरिले **कारागार**द्वारा उपन्यासको फाँटमा पदार्पण गरेकी हुन् (गिरि, २०६१ : प्रकाशकीय) । यी तीन उपन्यासमा यौन र समाजको आकृति स्पष्ट रूपमा देखिएको भएपनि नेपाली मानसिकताको प्रणय आवेग, स्वप्निल आकाङ्क्षा एवं स्वच्छन्द पलायन आदिलाई प्रस्तुत गर्ने प्रवृत्ति देखिएकाले यी उपन्यासहरूमा स्वच्छन्दतावादी सृजनधारामा प्रभावित भएका छन् (सुवेदी, २०६४ : १०२) । गिरिले **कारागार** र **निर्बन्ध** उपन्यासमा संक्षिप्तता र काव्यात्मक शैलीको प्रयोग गरेर नयाँपन दिएकी छन् भने समाजलाई जीवन दिने **शब्दातीत शान्तनु** उपन्यासको विषय रहेको छ । आञ्चलिक ढङ्गमा व्यक्त यस उपन्यासमा लाहानको वस्तीपुर र त्यस वरिपरिका ठाउँको ग्रामीण जीवन छ ( गिरि, २०६० : प्रकाशकीय) । यसरी तीन उपन्यास वानीरा गिरिको उपन्यासकार व्यक्तित्वलाई उजागर गर्न सफल रहेका छन् ।

### ३.३.२ साहित्येतर व्यक्तित्व

वानीरा गिरिले बी.ए. मा अध्ययनरत अवस्थामा वि.सं. २०१९ सालमा 'सेन्टजोसेफ स्कुल' खर्साङमा पढाउन थालेदेखि नै उनको साहित्येतर व्यक्तित्वको रूपमा शिक्षिका व्यक्तित्वको निर्माण भयो । त्यसपछि त्रिभुवन विश्वविद्यालयअन्तर्गत २०२४ सालमा नेपाली विषयमा एम्.ए. पास गरेपछि २०२५ सालमा उनले पद्मकन्या कलेजमा पढाउन थालिन् । त्यसको एकवर्षपश्चात् २०२६ सालदेखि २०३२ सालसम्म ललितकला क्याम्पसमा उनले प्राध्यापन गरिन् । २०३२ सालदेखि २०६५ सालसम्म पद्मकन्या कलेजमा उपप्राध्यापकको पदमा रही उनले शिक्षण पेसा अँगालिन् (पाण्डे, २०३८ : १२) । यसरी वानीरा गिरिको २०१९ सालदेखि जागिरे जीवनका क्रममा अध्यापन पेसाबाट निर्मित शिक्षिका व्यक्तित्व उनको जीवनको एक पाटो भएको छ ।

## ३.४ वानीरा गिरिको औपन्यासिक यात्रा

नेपाली उपन्यास परम्परामा आधुनिक कालको सुरुवात रूद्रराज पाण्डेको 'रूपमती' (१९९१) उपन्यासबाट भएको मानिन्छ । 'रूपमती' उपन्यासदेखि हालसम्म आइपुग्दा नेपाली औपन्यासिक जगत्मा विभिन्न वाद र प्रवृत्तिलाई अँगाल्दै विभिन्न उपन्यासहरू देखिएका छन् । यसरी स्रष्टाद्वारा उपन्यासहरू सिर्जना गर्ने क्रममा वि.सं. २०३५ देखि वानीरा गिरि नेपाली औपन्यासिक जगत्मा देखिन आएकी प्रतिभा हुन् । गिरिका हालसम्म तीनवटा उपन्यासहरू प्रकाशित भएका छन् । ती हुन् : **कारागार** (२०३५), **निर्बन्ध** (२०४२) र **शब्दातीत शान्तनु** (२०५६) । यिनै तीन उपन्यासमा देखापर्ने प्रवृत्तिगत भिन्नताको आधारमा गिरिका औपन्यासिक यात्रालाई दुई चरणमा विभाजन गर्न सकिन्छ :

**क)** प्रथम चरण : वि.सं. २०३५ देखि २०४२ सालसम्म

**ख)** द्वितीय चरण : वि.सं. २०४३ देखि हालसम्म ।

### क) प्रथम चरण (वि.सं. २०३५ देखि २०४२ सालसम्म)

वानीरा गिरिको औपन्यासिक यात्राको प्रथम चरणलाई **कारागार** (२०३५) र **निर्बन्ध** (२०४२) उपन्यासले प्रतिनिधित्व गर्दछन् । यी दुई उपन्यासहरू गिरिका आठ वर्षभित्रका प्राप्ति हुन् । उनले यी उपन्यासमा प्रणयआवेगको चित्रण, स्वच्छन्द पलायन, समाजद्रोही

जस्ता स्वच्छन्दतावादी प्रवृत्ति देखाएकी छन् । त्यसैगरी नारी पात्रको सिर्जना गरेर कथानकलाई जीवनवादी बनाउँदै मनोवैज्ञानिक पक्षको उद्घाटन गर्न पनि उनी सफल देखिएकी छन् (दीक्षित, २०३६ : समीक्षा) । यस चरणका दुवै उपन्यासमा गिरि नारी लेखनको सचेतता र महत्तालाई स्पष्ट पार्न अग्रसर देखिएकी छन् । अझ **निर्बन्ध**मा मानिसको मनोवैज्ञानिक प्रवृत्तिगत परिवर्तनको राम्रो नमुना उनले प्रस्तुत गरिदिएकी छन् ।

मानिस स्वभावतः सामाजिक प्राणी भएकाले उसलाई कसैको सहाराको जरूरी हुन्छ । **कारागार** उपन्यासमा पनि 'म' पात्र नायकप्रति आकर्षित भएकी छ । हालसम्म पनि नेपाली समाजमा स्त्री र पुरुषको नजिकाईलाई शङ्कास्पद रूपमा नै हेर्ने परिपाटी कायम रहेको छ, तर यस उपन्यासमा एक विवाहित पुरुष र एक अविवाहिता स्त्रीको सम्बन्ध शारीरिक आवश्यकतापूर्तिमात्र नभएर सहयोग पनि हो भन्ने कुरा देखाउन खोजिएको छ । यस उपन्यासमा दुवै नायक र 'म' पात्र शिक्षित वर्गका भएकाले उनीहरूको सम्बद्धता एक-अर्काबीचको समझदारी पनि हो । आफ्नी धनी स्वास्नीबाट अपहेलित, अपमानित र निरर्थक ठानिएको जीवन भोग्न बाध्य भएको नायक र आफ्नै स्वजनहरूको छलकपटको कारण बूढीकन्या बस्नुपरेकी 'म' पात्रबीचको सम्झौताको कारण शारीरिक आकर्षणका साथै एकले अर्काप्रति गरेको प्रेम पनि हो ।

समग्रमा **कारागार** उपन्यास समाख्याताका रूपमा रहेको 'म' पात्र हीनताबोध र अन्तर्द्वन्द्वबाट उत्पन्न मानसिक तनावमा जकडिएकी छ । त्यसलाई उसले कारागार भनेकी छ र आफूलाई त्यसको कैदी ठानेकी छ । सुशिक्षित, अधिकृत स्तरकी जागिरे, सम्पन्न परिवारकी युवती भएर पनि चालिस वर्षको उमेरसम्म पनि विवाह हुन नसक्नु, सन्तानवती बन्न नपाउनुजस्ता परिस्थितिबाट ऊ कुण्ठित हुन पुगेकी छ र मानसिक रूपमा अतृप्त रहेकी छ । उसका कुण्ठित र अतृप्त मानसिकताको अभिव्यक्ति नै यस उपन्यासको कथा हो (घर्ती, २०६० : २७२) ।

**कारागार** उपन्यासको जस्तो शैली छ, जस्तो सङ्क्षिप्त र काव्यात्मक स्पर्श छ, **निर्बन्ध**को पनि प्रायः त्यस्तै छ । यसकी नायिका स्वयम् स्वतन्त्र र निर्बन्धित चरित्रकी छे । बाबुको उन्मुक्त आचरण र निर्बन्धित स्वभावको प्रतिशोधबाट उत्पन्न परिणाम ऊ भइदिन्थी । जुन कुराको प्रतिकार गर्ने हेतुले नायिकामा प्रतिशोधको भावना विकसित भयो, वास्तवमा त्यसप्रति उसमा घृणा र आमाप्रति सहानुभूतिबाट सुरु भएको थियो, तर यो

उसको मनको तहमा दबिरह्यो, खुलेर प्रतिकार गर्न सकिन । प्रत्युत्तरमा आफैँ बाबुजस्तो भइदिएर त्यसको प्रतिकार गर्ने बाटोतर्फ प्रोत्साहित भई । ऊ बाबुजस्तै स्वतन्त्र, उन्मुक्त र निर्बन्धित भइदिन्छे । यही निर्बन्धित जीवन र स्वच्छन्द चरित्रको उपन्यास **निर्बन्ध** हो । जुन कामको घृणा र विरोध ऊ गर्थी, आफू त्यस्तै भइदिएर प्रतिकार गर्ने विचित्र प्रकृतिको चित्रण छ **निर्बन्ध**मा (गिरि, २०६२ : प्रकाशकीय) । वानीरा गिरि एक कवि पनि भएकाले उक्त उपन्यासमा मीठो भाषा, काव्यमय शैली र भावात्मक स्पर्शको त्रिवेणी पाइन्छ । यो उपन्यास परम्परागत उपन्यासको सापेक्षतामा नयाँपन दिन सफल रहेको देखिन्छ । किशोरावस्थामा बाबुको स्वच्छन्द यौनाचारको प्रतिकार गर्ने नायिका युवावस्थामा त्यस्तै स्वच्छन्द यौनाचारमा सहभागी भएकी छ । यसरी वानीरा गिरिले मानिसको मनोवैज्ञानिक प्रवृत्तिगत परिवर्तनको यहाँ राम्रो विवेचना प्रस्तुत गर्न सफल भएकी छन् (रायमाझी, २०५७ : १०६) ।

**ख) द्वितीय चरण (वि.सं. २०४३ सालदेखि हालसम्म)**

वि.सं. २०४२ सालपछि २०५६ सालमा वानीरा गिरिको **शब्दातीत शान्तनु** उपन्यास प्रकाशित छ । यही उपन्यासले गिरिको उपन्यासयात्राको द्वितीय चरणको प्रतिनिधित्व गर्छ । यस उपन्यासमा आञ्चलिक ढङ्गमा व्यक्त गरिएको लाहानको बस्तीपुर र त्यसै वरिपरिको ठाउँको ग्रामीण जनजीवन छ । मनोविश्लेषणको आंशिक प्रयोग गरिएको प्रस्तुत उपन्यास मनोविश्लेषणात्मक उपन्यास होइन (घर्ती, २०६० : २७७) । गिरिले प्रथम चरणभन्दा केही भिन्न मानवतावाद, जातिप्रेम, प्रकृतिप्रेमजस्ता स्वच्छन्दतावादी प्रवृत्तिलाई यस चरणमा वरण गरेकी छन् ।

पूर्वी नेपालको तराईलाई परिवेश मानिएको यो उपन्यासमा त्यहाँको रहनसहन, बोलीचाली आदिको भिन्न प्रस्तुति दिने प्रयास गरिएको छ । यस उपन्यासमा नेपालको सानो संसारको ग्रामीण जनजीवनको चित्रण छ । बस्तीपुर शान्तनुको जिजीविषा हो । त्यस जिजीविषाभित्र सामाजिक र राजनैतिक चेतनाभित्रबाट बस्तीपुरलाई देखाउन शान्तनुलाई समाज समक्ष ल्याइएको छ । शान्तनु भीष्मका पिता हुन् र शान्तनुका पुत्र भीष्मले भोगेझैँ शान्तनु नियतिका वाणशैय्यामा पसारिएको दृश्य देखाउने यस उपन्यासले शान्तनुका दु:ख र पीडाहरू शब्दातीत छन् भन्ने कुरा व्यवस्थित, शालीन र प्रभावशाली बेहोराबाट प्रस्तुत गरेको छ (गिरि, २०६० : प्रकाशकीय) ।

बस्तीपुरमै जन्मिएको शान्तनु विशाल हृदयको व्यक्तित्व हो । शिष्ट, शालीन, दयालु, मानवतावादी शान्तनु आर्थिक रूपले पनि सम्पन्न नै देखिन्छ । कालान्तरमा आफ्नो दानशील र दयालुपनका कारण उनलाई आर्थिक समस्याले पिरोलेको छ । आफ्नो वैभव हराउँदै जाँदा आफन्त, छरछिमेक, नोकरचाकर सबै टाढा हुन पुग्छन् । आर्थिक समस्या टार्न घरखेत नै बन्धक राखेपनि उसलाई कसैप्रति गुनासो छैन । सबैले साथ छोडेपछि आफ्नी श्रीमतीसँगको सान्निध्यलाई उसले जीवन चलाउने बाटोको रूपमा लिएको छ । यसरी गिरिले यस उपन्यासमा शान्तनुको दानशील व्यक्तित्वका कारण आर्थिक समस्या भोग्नुपरेको यथार्थ प्रस्तुत गरेकी छन् । शान्तनुको आदर्श व्यक्तित्वद्वारा नेपालको कुनै गाउँको आञ्चलिक प्रस्तुति दिन यो उपन्यास सक्षम देखिन्छ ।

## ३.५ निष्कर्ष

वि.सं. २००३ सालमा जन्मिएकी वानीरा गिरिले आफ्नो बाल्यकाल दार्जिलिङ्ग जिल्लाको हरियाली बजार खर्साङमा व्यतीत गरिन् । साहित्यमा विद्यावारिधि प्राप्त गर्ने प्रथम महिला भएर उच्च गौरवबोध गरेकी उनले आफ्नो साहित्यिक व्यक्तित्व २०२० सालबाट आरम्भ गरेकी हुन् । उपन्यासकार व्यक्तित्व भने **कारागार**बाट प्रारम्भ भएको हो । **निर्बन्ध** र **शब्दातीत शान्तनु**जस्ता अन्य दुई उपन्यासले उनको उपन्यासकार व्यक्तित्वलाई अझ माथि उठाएको छ । साहित्यमा लाग्ने प्रेरणाको स्रोत आफ्नी आमालाई दिने वानीरा हाल सुखसँग श्रीमान् तथा एक छोरी र एक छोराका साथ बस्छिन् । **कारागार** र **निर्बन्ध** उपन्यासमा अचेतन मनका दमित र कुण्ठित यौनग्रन्थिका सबै बन्धन र सीमाहरूलाई स्वच्छन्द रूपमा खोल्ने र वर्णन गर्ने आँट गरेकी वानीराले **शब्दातीत शान्तनु**मा भने नेपालको पूर्वी तराईको एक आञ्चलिक प्रस्तुति दिने जमर्को गरेकी छन् । यसरी तीनवटा उपन्यासद्वारा नेपाली औपन्यासिक फाँटमा गिरिले आफ्नो प्रतिभाको राम्रो परिचय दिएकी छन् ।

# चौथो परिच्छेद

# वानीरा गिरिका उपन्यासमा नारी पात्र

## ४.१ विषयप्रवेश

उपन्यास साहित्यको चर्चित विधा हो । उपन्यासमा पात्रको महत्त्वपूर्ण स्थान हुन्छ । वानीरा गिरिका तीनवटा उपन्यास **कारागार**, **निर्बन्ध** र **शब्दातीत शान्तनु** रहेका छन् । यी तीनवटा उपन्यासमध्ये **कारागार** र **निर्बन्ध** उपन्यासमा नारी पात्रलाई विशेष महत्त्व दिइएको छ भने **शब्दातीत शान्तनु** उपन्यासमा कम महत्त्वका साथ नारी पाात्रको संयोजन गरिएको छ । यस परिच्छेदमा यिनै तीनवटा उपन्यासमा रहेका नारी पात्रको अध्ययनलाई विषय बनाइएको छ ।

## ४.२ कारागार उपन्यासमा नारी पात्र

**कारागार** उपन्यास वानीरा गिरिको पहिलो उपन्यास हो । यस उपन्यासमा विभिन्न किसिमका नारी पात्रको संयोजन गरिएको छ । ती पात्रहरूमा 'म' पात्र, कान्छी काकी, माइली काकी, साहिँली काकी, प्रेमी पात्रकी आमा, प्रेमी पात्रकी सानी छोरी, थपिनी, थापा युवककी श्रीमती, अड्डामा काम गर्ने ठिटी, 'म' पात्रकी चिरीबिरी साथी, 'म' पात्रकी आमा, 'म' पात्रकी मिल्ने सङ्गी, ठूली भाउजू, सानी भाउजू, प्रेमी पात्रकी श्रीमती, सुत्केरी ज्यापुनी, धाईआमा, तरुनी नोकर्नीहरू, शिक्षिका, जेलको डाक्टरकी एउटी छचाकी छोरी, पाकी आईमाई, राणा परिवारका पाँच छोरी, घरपटीकी बुहारी, एक हुल किशोरी आदि रहेका छन् । यीमध्ये 'म' पात्रबाहेक अरू सबै नारी पात्रहरू उपन्यासमा प्रत्यक्ष रूपमा देखा नपर्ने नेपथ्य पात्रहरू हुन् । उपन्यासमा यी विभिन्न पात्रहरूको भूमिका समान प्रकारको छैन । कुनै नारी पात्रको भूमिका महत्त्वपूर्ण छ भने कुनै नारी पात्रको भूमिकाले कम महत्त्व राखेको छ । यसै आधारमा यी पात्रहरूलाई प्रमुख, सहायक र गौण गरी वर्गीकरण गर्न सकिन्छ ।

### ४.२.१ प्रमुख नारी पात्र

प्रस्तुत उपन्यासमा प्रमुख नारी पात्रको रूपमा 'म' पात्र देखा पर्दछे । उपन्यासको समाख्याताको रूपमा रहेकी 'म' पात्रको उपस्थिति उपन्यासमा आदिदेखि अन्त्यसम्म रहेको

छ । उपन्यासका सम्पूर्ण घटनाहरू उसकै केन्द्रीयतामा घटेकाले 'म' पात्र कार्यका आधारमा प्रमुख नारी पात्र हो । 'म' पात्रले बाल्यकालमा घरपरिवारका सदस्यबाट खुबै मायाममता पाएकी छ । स्कुल जानु र फुर्सतको समयमा नजिकै रहेकी मिल्ने सङ्गीसँग खेल्नु उसको बाल्यकालको दिनचर्या थियो । बढ्दो उमेर र चढ्दो जवानीसँगै उसको जीवनमा निकै उथलपुथल आउँछ । बुबाआमाको तीर्थ दर्शनमा जाँदा उतै मृत्यु हुन्छ । लायकका केटा वरका रूपमा आए पनि बुबाले छुटयाइदिएको अंश दिनुपर्छ भनेर दाजुभाउजूले एक-एकवटा बहाना बनाएर उसको विवाह गरिदिँदैनन् । सम्पत्तिको लागि बाहिर बनावटी प्रेम प्रस्तुत गर्ने अनि भित्रभित्र धारेहात पार्ने दाजुभाउजूको व्यवहारबाट आजित भएर ऊ छुट्टै डेरामा बस्न पुगेकी छ । अधिकृत स्तरको जागिर भएकाले अफिस जानु-आउनु, मन लागे खाना पकाएर खानु नत्र त्यत्तिकै सुत्नु उसको दैनिकी हो । यसै शिलशिलामा उसको निकटता एक विवाहित पुरुषसँग हुन पुग्छ । सोही पुरुषबाट ऊ शारीरिक र मानसिक तृष्णा मेटाउन थाल्दछे । यस खालको सम्बन्धलाई समाजले अमर्यादित ठहऱ्याउने भएकाले उसले त्यस सम्बन्धलाई बौद्धिकताप्रतिको आकर्षणको संज्ञा दिएकी छ । उसले "रोमान्स र आकर्षणको तथ्यलाई हत्केलाले ढाक्ने ढोँग गरी हामी एक-अर्काका प्रबुद्धतामा नै ज्यादा रिझिएका छौँ । म उनलाईभन्दा बढी उनको मस्तिष्कलाई माया गर्छु, उनको व्यक्तित्वलाई सुमसुम्याउने गर्छु, उनी पनि मलाई मेरो यौवन, शरीर र सौन्दर्यभन्दा मेरो अध्ययनलाई बढी रूचाउने गर्छन्" (गिरि, २०६१ : १-२) भन्दछे । 'म' पात्रमा मातृत्वको चाहना प्रबल भएर जागेको छ । त्रिशुली घुमेर डाकबङ्गलामा बसेको रात उसले "मेरो आदम, बर्जित रातो स्याउ खाइदेउ आज । साँच्चै भन्या– म बहुलाएकी छैन । म तिम्रो पेट बोक्छु, मलाई सन्तान चाहिन्छ– म एकान्तिकताको यो नीरव कारागारलाई तोडछु" (गिरि, २०६१ : ६१-६२) भन्दछे । प्रेमी पात्र भने समाजको डरले अवैध सन्तान जन्माउन राजी हुँदैन र 'म' पात्रको चाहना पूरा हुन सक्दैन । यस खालको प्रेमी पात्रको प्रतिक्रियाबाट ऊ निराश हुन पुग्छे । एकदिन प्रेमी पात्र गाडी हिउँमा चिप्लिएर दुर्घटनामा परी मृत्यु हुन्छ र 'म' पात्रका सारा इच्छा तथा चाहनाहरू पनि सेलाएर जान्छन् । यसरी 'म' पात्र उपन्यासको प्रथम परिच्छेददेखि अन्तिम परिच्छेदसम्म पनि आफ्नो उपस्थिति पेस गर्ने अनि सबै घटनाको वर्णन गर्ने केन्द्रीय र प्रमुख पात्र हो । 'म' पात्र सबैको हित चिताउने र उन्नति नै देख्न चाहने प्रवृत्तिगत आधारमा अनुकूल पात्र पनि हो । बुबाआमा जीवित छउन्जेल त्यसकै सान्निध्य मन पराउने तर बुबाआमको मृत्युपछि दाजुभाउजूको देखावटी मायालाई स्पष्ट रूपमा

बुझेकी ऊ छुट्टै डेरामा एकल स्वतन्त्र जीवन जिउन पुगेकाले स्वभावका आधारमा गतिशील पात्र हो । 'म' पात्रले नितान्त आफ्नै खाले जीवन व्यतीत गरेकी छ । उसको चित्रण उपन्यासमा कुनै वर्ग विशेषको रूपमा भएको छैन । त्यसैले 'म' पात्र प्रतिनिधित्वको आधारमा व्यक्तिगत पात्र हो । यस उपन्यासमा 'म' पात्रले प्रत्यक्ष रूपमा कार्य गरेकी छ अनि घटनाको वर्णन आफैँ गरेकाले आसन्नताका आधारमा ऊ मञ्चपात्र हो । 'म' पात्रको उपस्थिति उपन्यासको सम्पूर्ण पर्याधारमा रहेको छ । उसलाई झिक्दा कथानकको संरचना नै भत्किने भएकाले आबद्धताका आधारमा ऊ बद्ध पात्र हो ।

यस उपन्यासकी 'म' पात्रलाई जीवनदृष्टिको आधारमा पनि अध्ययन गर्न सकिन्छ । सरल स्वभावकी 'म' पात्र सामान्य जीवन यापन गर्ने खालकी छ । आफ्नो उमेर बित्नै लाग्दा पनि दाजुभाउजूले विवाह नगरिदिएपछि त्यहाँ खुम्चिएर बस्नु र बनावटी मायालाई स्वीकार गर्नुभन्दा छुट्टै डेरामा स्वतन्त्र जीवन जिउने चाहनामा अस्तित्ववादी जीवनदृष्टि पाइन्छ । मातृत्वको चाहना राखेकी उसले त्यो चाहना पूरा नभएपछि अप्राप्तिमा पनि सन्तुष्ट नै देखिन्छे । समग्र जीवनलाई बुझेकी ऊ "जब हामी स्वयं सफल नभएपछि जीवनको समस्त सकारात्मक फलहरूलाई हत्याउने अधिकारबाट स्वयं वञ्चित छौँ । हामी जे पाउँछौँ प्राप्त गर्दै जानुपर्छ, जे पाउँदैनौ सन्तुष्ट हुँदै जानुपर्छ, जीवन स्वयं हामीले चाहेर प्राप्त गरेको फल हो र ?" (गिरि, २०६१ : १४) भन्दछे । जीवनलाई आफ्नै रचनामा ढालेर सांसारिक भद्रगोलदेखि टाढा बस्न रूचाउने 'म' पात्र अन्तर्मुखी पात्र पनि हो । पछिल्तिर बसेर कुरा काट्नेदेखि विचलित नहुने ऊ आफ्नो कार्यमा निरन्तर लागिरहने स्वभावकी छ । **कारागार** उपन्यासकी 'म' पात्र आफैँद्वारा निर्मित जीवन परिधिभित्र निसासिन्छे (राकेश, २०४३ : शनिवासरीय परिशिष्टाङ्क 'ग') । यसरी 'म' पात्र अस्तित्ववादी र अन्तर्मुखी पात्रका रूपमा देखिन्छे ।

'म' पात्रमा छोराको अत्यन्त चाहना हुनुले उसमा मातृरति ग्रन्थि देखिन्छ । थापा जोडीको विवाहपश्चात्को सम्बन्ध केही समय राम्रो भए पनि अन्ततः दुवै मृत्युको मुखमा पुगेका छन् । त्यस्तै घरपटीकी बुहारीको श्रीमान् रातीराती रक्सी खाएर आईमाई समाउन गएबाट बुहारी पनि खुसी नदेखिएकीले यी घटनाको प्रभाव उसमा परेको छ । त्यसैगरी प्रेमी पात्र पनि आफ्नी श्रीमतीबाट माया पाउन वञ्चित भएका कारण विवाह गरेर मान्छे बेखुसी नै हुन्छ भने आखिर त्यसको औचित्य नै के रह्यो र भन्ने निष्कर्षमा ऊ पुगेकी छ । ऊ

हीनताबोध र अन्तर्द्वन्द्वबाट उत्पन्न मानसिक तनावमा जकडिएकी छ । त्यसलाई उसले कारागार भनेकी छ र आफूलाई त्यसको कैदी ठानेकी छ (घर्ती, २०६० : २७२) । प्रेमी पात्रको मृत्यु भएपछि उसले उक्त कारागारबाट मुक्त भएको महसुस गरेकी छ । त्यसैले 'म' पात्रमा मनोविज्ञानको पनि प्रभाव देखिन्छ ।

## ४.२.२ सहायक नारी पात्र

### क) 'म' पात्रकी आमा

'म' पात्रकी आमा उपन्यासमा कार्यका आधारमा हेर्दा सहायक पात्र हो । सरल, निश्छल स्वभाव भएकी, कसैलाई नराम्रो नसोच्ने ऊ प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । उपन्यासमा उसको उपस्थिति भएदेखि अन्त्यसम्म पनि एकै खालको व्यवहार प्रदर्शन गरेबाट स्वभावका आधारमा गतिहीन पात्र हो । समाजमा चलिआएका संस्कृतिलाई अङ्गालेर राम्रो बाटोमा हिँड्नुपर्ने अनि भावी पुस्तालाई पनि असल बाटोमा हिँड्नका लागि सदा प्रेरित गर्ने कुशल अभिभावक पनि हो । घर सञ्चालन, परिवारको रेखदेख, छोराछोरीको ख्याल गर्ने ऊ जीवनचेतनाका आधारमा नेपाली गृहिणीहरूको प्रतिनिधि पात्र पनि हो । कुलघरानको केटा छानी आफ्नी छोरीलाई विवाह गरिदिने मनसाय बोकेकी ऊ सर्वसाधारण नेपाली नारीको नमुना पात्रको रूपमा रहेकी छ । उपन्यासमा उसको वर्णन परोक्ष रूपमा भएको छ । 'म' पात्रले उसको वर्णन गरेकाले आसन्नताका आधारमा ऊ नेपथ्य पात्र हो । उपन्यासको पर्याधारमा स्वतन्त्र भएर पनि ऊ सार्थक भएकी छ । त्यसैगरी उसलाई झिक्दा पनि कृतिमा खासै फरक नपर्ने भएकाले आबद्धताका आधारमा मुक्त पात्र हो । बेसाहारालाई शरण दिने ऊ अत्यन्त दयावान् देखिन्छे । नयाँ बुहारीलाई आफ्ना सन्तानप्रतिको प्रेमको बारेमा यसरी भन्छे : "यिनै छोराछोरीलाई कर्कलाको पातको पानीको थोपाजस्तै जतन गरेर राखेका छौं । हामी बूढाबूढीलाई त के छ र यसै खुसी, उसै खुसी, यिनीहरूले भने केही चित्त नदुखाएस्" (गिरि, २०६१ : ७१) । आफ्ना सन्तानप्रति विछोड हुँदा दुःखको महसुस गर्ने 'म' पात्रकी आमा मातृत्व प्रबल भएकी पात्र हो । श्रीमान्को साथमा सुहाउन, श्रीमान्सँगै तीर्थ दर्शनमा जाने ऊ पतिव्रता एवम् हिन्दू नारीको आदर्श पात्रको रूपमा पनि चित्रित भएकी छ । बद्री-केदार दर्शनका लागि गएका बेला श्रीमान्सँग हिउँमा पुरिएर दुःखद् मृत्युवरण गरेकी ऊ समग्रमा चरित्रमा कुनै खोट नभएकी रूपवती, गुणवती एवं सुशील नारी हो ।

## ख) ठूली भाउजू

ठूली भाउजू उपन्यासमा कार्यका आधारमा सहायक पात्रको भूमिकामा देखा पर्छिन् । सुरुमा विधवाको रूपमा सहाराविहिन भएर शरण लिन आउँदा अनुकूल प्रवृत्ति देखाएपनि पछि त्यही घरको जेठो छोरोसँग वैवाहिक सम्बन्ध कायमपश्चात् भने उसको प्रतिकूल प्रवृत्ति देखिन थाल्छ । समय र मौका विचार गरेर बदलिन जान्ने ऊ गतिशील पात्र पनि हो । श्रीमान्सँग मिलेर सम्पत्ति हत्याउन उद्दत हुने स्वार्थी पात्रका रूपमा उसको चित्रण **कारागार** उपन्यासमा भएको छ । अपुत्रलाई सम्पत्ति प्यारो भन्ने उक्ति उसमा चरितार्थ हुन आउँछ । सन्तान नभएका कारण मन्दिर-मन्दिर भाकल गर्दै हिँड्ने ठूली भाउजू अशिक्षित एवम् व्यक्तिगत पात्र पनि हो । ठूली भाउजूमा निकै कुटिल स्वभाव भएको कुरा समाख्याता 'म' पात्रले यसरी व्यक्त गरेकी छ : "ठूली भाउजू झन् बुद्धिमा के कम ? यही बुद्धिका प्रखरताद्वारा पहिले आश्रिता बन्न आएकी तिनी अहिले त्यही घरकी मालिक्नी बनेकी छन्" (गिरि, २०६१ : १०४) । ठूली भाउजू नारी भएर नारीको समस्या नबुझ्ने, आफू जुन घरमा शरण लिन आएकी हो त्यही घरको केटासँग विवाह गर्ने तर आफ्नी नन्दलाई एकसे एक केटा आउँदा पनि सम्पत्तिको लोभमा परी विवाह गरिदिन अस्वीकार गर्ने कपटी तथा जाली पात्र हो । ठूली भाउजू आसन्नताका आधारमा नेपथ्य पात्र हो, त्यस्तै उसलाई उपन्यासबाट हटाएपनि संरचना नबिग्रिने भएकाले आबद्धताका आधारमा मुक्त पात्र हो । ठूली भाउजू एउटी नारीमा हुनुपर्ने संवेदना नभएकी, कपटी, धूर्त पात्र हो । कठिन मोडबाट जिन्दगीलाई बदलेर जिउने, जीवनदृष्टिका आधारमा अस्तित्ववादी एवम् अन्तर्मुखी पात्रको भूमिका ठूली भाउजूले यस उपन्यासमा निभाएकी छ ।

## ग) प्रेमी पात्रकी श्रीमती

प्रेमी पात्रकी श्रीमती कार्यका आधारमा सहायक पात्र हो । यस उपन्यासमा उसको प्रवृत्ति प्रतिकूल खालको छ । आफ्नो कुमारित्वलाई पहिले नै स्वाहा पारेकी उसले विवाहको औपचारिकता मात्र पूरा गरेकी छ । ऊ श्रीमान्लाई श्रीमान्को दर्जा दिन पनि असफल देखिन्छे । जीवनभर कुनै असल कार्य गर्न नसकेकी ऊ गलत कार्यमा सधैँ उद्दत रहने स्वभावका आधारमा गतिहीन पात्र हो । प्रतिनिधित्वका आधारमा आफ्नै वैयक्तिक जीवन जिउने ऊ व्यक्तिगत पात्र पनि हो । अध्ययनमा निकै कमजोर रहेकी ऊ शारीरिक सुन्दरताले भने पूर्ण नारी हो । छोराछोरीलाई श्रीमान्को अघि पर्न नदिने अनि आफू पनि

एक कुशल अभिभावक बन्न नसकेकी पात्र हो । त्यसैगरी एक कुशल गृहिणीमा हुनुपर्ने गुण पनि उसमा शुन्य मात्रामा पाइन्छ । आफ्नो शारीरिक सुन्दरताको फाइदा उठाउँदै धेरै पुरुषलाई मोहजादुमा पारेकी छ । मेघमुक्त आकाशमा चङ्गासरी उडिरहने तिनको उद्दाम वासनालाई कमैले मात्र तृप्ति प्रदान गर्न सक्छन् । दिनभरि तास खेल्नु अथवा कुनै युवा साथीसँग नयाँनयाँ ठाउँ घुम्नु उसको दैनिकी नै हो । आसन्नताका आधारमा नेपथ्य र आबद्धताका आधारमा मुक्त पात्रको रूपमा उसको चित्रण भएको छ । श्रीमान्को सान्निध्य मन नपराउने अनि स्वच्छन्द रूपमा यौनको तिर्खा मेट्दै हिँड्ने ऊ नारीमा हुनुपर्ने कोमलता, स्वच्छता, व्यावहारिकता र परिवारप्रतिको उत्तरदायित्व रत्तिभर नभएकी पात्र हो ।

## घ) कान्छी काकी

कान्छी काकी कार्यका आधारमा सहायक पात्र हो । भाउजूको मृत्युपश्चात् भतिजोलाई अन्य काममा भन्दा पनि पढाइमा मात्र लगाउने ऊ प्रथमतः अनुकूल पात्रका रूपमा देखिन्छे भने भतिजोको अध्ययन पूरा भएपछि ठूल्दाइकी चरित्रहीन छोरीसँग विवाह गराइदिने उसको निर्णयमा प्रतिकूल प्रवृत्ति देखिन्छ । सम्पत्तिको लागि अथवा आफ्नो स्वार्थको लागि वर्तमानमा असल व्यवहार देखाएर भविष्यमा आफ्नो असली रूप प्रदर्शन गर्ने कान्छी काकी स्वभावका आधारमा गतिशील पात्र पनि हो । प्रतिनिधित्वका आधारमा व्यक्तिगत पात्रको भूमिका निर्वाह गरेकी ऊ आसन्नताका आधारमा नेपथ्य पात्र एवं आबद्धताका आधारमा मुक्त पात्र हो । समग्रमा कान्छी काकी स्वार्थ, लोलुपताले ग्रस्त, धूर्त पात्रको रूपमा यस उपन्यासमा चित्रित छे ।

## ङ) थपिनी

थपिनी कार्यका आधारमा सहायक पात्र हो । श्रीमान्विहीन ऊ आफ्नो छोराप्रति भने असीम प्रेमभाव दर्शाउने पात्र हो । छोराको निम्ति एक-एक सुकन्या देखाए पनि पछि उसले आफैँले रोजेकी केटी बिहे गर्छ । छोराको बिहेपश्चात् बुहारीले कपाल कोरिदिएको दिन प्रायः दिनभरिजसो नै टाउको दुखिरहने, सीप लगाएर मिहिनेत गरेर पकाएको तरकारी थपिनीलाई मन नपर्ने हुनथाल्छ । बुहारीलाई महिना लागेको बेला "अब यो घरमा पनि ग्यालग्याली बच्चा हुने भए, दुलहीको माइतमा जस्तै" (गिरि, २०६१ : २०) भन्ने थपिनीमा मातृरति ग्रन्थि पाइन्छ । छोराबुहारी घरमा नभएको मौका पारेर कारिन्दासँग शारीरिक तृप्ति पूरा गर्ने

उसमा पहिले अनुकूल र पछि प्रतिकूल प्रवृत्ति पाइन्छ । छोराबुहारीको मृत्युको कारक बनेकी ऊ प्रतिनिधित्वका आधारमा व्यक्तिगत र आसन्नताका आधारमा नेपथ्य पात्र हो । कथानकबाट हटाउँदा पनि उपन्यासको संरचनामा फरक नपर्ने भएकाले आबद्धताका आधारमा थपिनी मुक्त पात्र हो ।

## ४.२.३ गौण नारी पात्र

### क) सानी भाउजू

कार्यका आधारमा सानी भाउजू गौण नारी पात्र हो । उपन्यासमा उसको भूमिका नकारात्मक रूपमा रहेको छ । त्यसैले प्रवृत्तिका आधारमा ऊ प्रतिकूल पात्र  हो । चाप्लुसी जान्ने, मनग्गे सम्पत्ति हुँदा पनि अभावको बहाना बनाउन सिपालु देखिन्छे । सानो उपहार दिएर ठूलो चिज हात पार्न चाहने कुटनैतिक चाला उसमा देखिन्छ : "मैयाँ हजुरलाई गुलाफी मन पर्छ भनेर गुलाफी रङ्को गुलाफ काढ्न लगाएकी" (गिरि, २०६१ : १०३) । विरामीको पैसाले चलेको उसको जीवन छ, तर विरामीप्रति रत्तिभर पनि उत्तरदायित्व छैन । श्रीमान्लाई मुट्ठीभित्र राखेर आफ्नै कुरा सर्वमान्य बनाउन खोज्ने ऊ प्रतिनिधित्वका आधारमा व्यक्तिगत, आसन्नताका आधारमा नेपथ्य र आबद्धताका आधारमा मुक्त पात्र हो । समग्रमा सानी भाउजू कपटी एवं धूर्त पात्रका रूपमा रहेकी छ ।

### ख) प्रेमी पात्रकी आमा

उमेरमै विधवा बनेकी प्रेमी पात्रकी आमा कार्यका आधारमा गौण पात्र हो । आफ्नो श्रीमान्ले छाडेर गएको केही सम्पत्तिबाट देवर देवरानीलाई रिझाएर छोरालाई पढाउने ऊ प्रवृत्तिका आधारमा अनुकूल पात्र पनि हो । निकै मिहिनेती ऊ देवरानीहरूले सानो उपहार दिए पनि त्यसको बदलामा दसौं गुणा कार्य गरिदिन्छे । सरल र शालिन स्वभावलाई सुरुदेखि अन्त्यसम्म पनि एकैनाशको राख्न सफल ऊ स्वभावका आधारमा गतिहीन पात्र हो । एक असल अभिभावक एवं पतिविहीन विधवाको रूपमा चित्रित प्रेमी पात्रकी आमा प्रतिनिधित्वका आधारमा वर्गीय पात्र हो । ऊ आसन्नताका आधारमा नेपथ्य पात्र अनि आबद्धताका आधारमा मुक्त पात्रको रूपमा चित्रित छ । समग्रमा दमको विरामले ग्रस्त भएर समयमै औषधोपचार नपाई मृत्यु भोग्न पुगेकी प्रेमी पात्रकी आमा एक असल नारी पात्र हो ।

## ग)	माइली काकी र साहिँली काकी

माइली काकी र साहिँली काकी कार्यका आधारमा दुवै गौण पात्र हुन् । यी दुवै पात्र आफ्ना छोराछोरीलाई खुबै माया गर्छन्, तर कान्छी काकीको अघि आफ्ना छोराछोरीलाई माया नगरेको देखाई उनको छोराछोरीलाई माया गरेको देखाउने प्रवृत्तिगत आधारमा प्रतिकूल पात्र पनि हुन् । मनमा खोट भए पनि बाहिरी रूपमा प्रशंशा गर्न नचुक्ने यी दुवै पात्र स्वभावका आधारमा गतिहीन प्रवृत्तिका छन् । बाँडेर खाऊँ, बाँडेर लाऊँ भन्ने सोच यी दुवै पात्रमा अलिकति पनि छैन, त्यसैले प्रतिनिधित्वका आधारमा दुवै पात्र व्यक्तिगत पात्र हुन् । आसन्नताका आधारमा नेपथ्य र आबद्धताका आधारमा मुक्त पात्रको भूमिका निर्वाह गरेका यी पात्र समग्रमा छलकपटपूर्ण व्यवहार भएका छन् ।

## घ)	प्रेमी पात्रकी सानी छोरी

प्रेमी पात्रकी सानी छोरी कार्यका आधारमा गौण पात्र हो । उसमा निश्छल बालसुलभ व्यवहार भएकाले प्रवृत्तिका आधारमा अनुकूल पात्र पनि हो । स्वभावका आधारमा गतिहीन ऊ आमाले कहिलेकाहीँ झगडा गरेर घरका सामानहरू फ्याँक्दा चार वर्षकी यो अबोध बालिका बुबासँग आश्रय खोज्दै जाने समग्र बालबालिकाको प्रतिनिधि पात्र हो । आमासँग भन्दा बुबासँग बढी नजिकिने ऊ आसन्नताका आधारमा नेपथ्य र आबद्धताका आधारमा मुक्त पात्र हो ।

## ङ)	थापा युवककी श्रीमती

थापा युवककी श्रीमती कार्यका आधारमा गौण पात्र हो । बाहिरी रूपमा सुन्दर र गोरो रोगन नभए पनि विचित्रको गम्भीर आकर्षण भएकी ऊ प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । ऊ सरल व्यवहार भएकी अनि त्यही व्यवहारलाई अन्तिम समयसम्म पनि कायम राखेकी स्वभावका आधारमा गतिहीन पात्र पनि हो । थापा युवकसँग विवाह बन्धनमा बाँधिएकी ऊ नेपाली बुहारीहरूको प्रतिनिधि पात्र हो । श्रीमान्को खुसीका लागि गर्भ तुहाउन पनि सहमत ऊ श्रीमान्ले पोटासियमसायोनाइड खाएर आत्महत्या गर्दा त्यही विषको केही मात्रा उसले पनि खाँदै दुःखद् मृत्यु भोगेकी पतिपरायण पात्र हो । आसन्नताका

आधारमा नेपथ्य र आबद्धताका आधारमा मुक्त पात्रको रूपमा उसको चित्रण **कारागार** उपन्यासमा भएको छ ।

**च) अड्डामा काम गर्ने ठिटी**

अड्डामा काम गर्ने ठिटी कार्यका आधारमा गौण पात्र हो । ऊ आफूलाई ज्यादै जान्ने, ज्यादै बुझ्ने ठान्दछे । कोही सम्पर्कमा आउनेबित्तिकै भिन्न विषयका बारेमा भाषण सुरु गर्न थाल्ने उसको बानी छ । श्रीमान्सँग पनि आफ्ना कुराहरू लुकाउने ऊ अन्तर्मुखी स्वभावकी छ । अरूको सुखको ईर्ष्या गर्ने ऊ प्रवृत्तिका आधारमा प्रतिकूल र स्वभावका आधारमा गतिहीन पात्र हो । आफूलाई षोडशी देखाउने लोभमा लाडे भएर बोल्ने ऊ प्रतिनिधित्वका आधारमा व्यक्तिगत पात्र हो । आसन्नताका आधारमा नेपथ्य पात्र र आबद्धताका आधारमा मुक्त पात्रको भूमिका निर्वाह गरेकी ऊ स्वार्थ र डाहले भरिएकी नारी हो ।

**छ) 'म' पात्रकी चिरीबिरी साथी**

'म' पात्रकी चिरीबिरी साथी कार्यका आधारमा गौण पात्र हो । बोल्नमा निक्कै खप्पिस ऊ आफूलाई यावत् विषयको ज्ञान भएको भन्ने ठान्दछे । जहाँ पायो त्यहीँ उदाङ्ग भइदिने ऊ प्रवृत्तिका आधारमा प्रतिकूल पात्र हो । आफूलाई विशिष्ट देखाउन डाक्टर, इन्जिनियर हात माग्न आएको कुरा भन्ने ऊ स्वभावका आधारमा गतिहीन पात्र पनि हो । उसको मानसपटलमा सधैँ काल्पनिक कुराहरू मात्र दौडने, बिलाउने, उदाउने र अस्ताउने गर्दछ । प्रतिनिधित्वका आधारमा व्यक्तिगत पात्रको भूमिका निर्वाह गरेकी 'म' पात्रकी चिरीबिरी साथी आसन्नताका आधारमा नेपथ्य पात्र हो । अधिकृत स्तरकी जागिरे भए पनि व्यावहारिकताको अंश केही पनि नभएकी ऊ बहिर्मुखी स्वभावकी छ । उपन्यासमा आबद्धताका आधारमा मुक्त पात्रको भूमिका उसले निर्वाह गरेकी छ ।

**ज) 'म' पात्रकी मिल्ने सङ्गी**

'म' पात्रकी मिल्ने सङ्गी कार्यका आधारमा गौण पात्र हो । सानो उमेरमा बगैँचाका सबै फूलहरूको नाम भन्न सक्ने ऊ प्रकृतिप्रेमी देखिन्छे । लामो समयमा पनि व्यवहारमा कुनै परिवर्तन नभएकी ऊ स्वभावका आधारमा गतिहीन पात्र हो । दुई सन्तानकी आमा भएकी उसमा अनुकूल प्रवृत्ति पाइन्छ । शिक्षित भएकीले के असल र के गलत भन्ने

खुटचाउने क्षमता उसमा छ । बहिर्मुखी स्वभावकी ऊ साथीको दुःखमा सहानुभूति व्यक्त गर्दछे । प्रतिनिधित्वको आधारमा व्यक्तिगत पात्रको भूमिका निर्वाह गरेकी उसले आसन्नताका आधारमा भने नेपथ्य पात्रको उपस्थिति पेस गरेकी छ । धेरै समयपश्चात् भेटिएकी हितैषी सङ्गीलाई उपहार दिने उसमा साथीप्रतिको सही व्यवहार पाइन्छ । यस उपन्यासमा उसको भूमिका त्यत्ति प्रभावशाली छैन त्यसैले आबद्धताका आधारमा ऊ मुक्त पात्र हो ।

## झ) शिक्षिका

कार्यका आधारमा गौण पात्र हो शिक्षिका । लुती बिरालीले जस्तै म्याउँम्याउँ गर्ने र नङ्ग्रा अघि नै गाडिसक्ने ऊ प्रवृत्तिका आधारमा प्रतिकूल पात्र पनि हो । स्वभावका आधारमा गतिहीन यो पात्र : "म्याउँ म्याउँको निरिह छद्मभेषभित्रका बोक्सी बिराली हुन् यिनीहरू– कसैले सुइँकै नपाई यत्रतत्र जूठो हालिसक्छन्, यस्ता यी बिरालीदेवीहरूले" (गिरि, २०६१ : ९८-९९) भनेर शिक्षिकाको बारेमा समाख्याता 'म' पात्रले भनेकी छ । प्रतिनिधित्वका आधारमा व्यक्तिगत पात्रको भूमिका निर्वाह गरेकी शिक्षिका 'म' पात्रद्वारा वर्णित भएकीले आसन्नताका आधारमा नेपथ्य पात्र हो । आबद्धताका आधारमा मुक्त पात्र ऊ उपन्यासबाट हटाए पनि खास फरक नपर्ने खराब पात्रको भूमिकामा देखा परेकी छ ।

## ञ) घरपटीकी बुहारी

घरपटीकी बुहारी कार्यका आधारमा गौण पात्र हो । यस उपन्यासमा उसको चित्रण एक सामान्य र सरल बुहारीको रूपमा भएको छ । आफ्नो श्रीमान् हररात आईमाईकहाँ जाँदा पनि उसमा त्यस कार्यप्रति विद्रोहको कुनै सङ्केतसम्म पाउन सकिँदैन । त्यसैले ऊ सोझी पात्रको रूपमा पनि उभिएकी छ । स्वभावका आधारमा गतिहीन पात्र घरपटीकी बुहारी प्रवृत्तिका आधारमा अनुकूल पात्र पनि हो । अन्तर्मुखी स्वभावकी ऊ मातृत्व प्रवल भएकी नारी हो । आम बुहारीहरूको नेतृत्व गरेकी ऊ प्रतिनिधित्वका आधारमा वर्गीय पात्र पनि हो । आसन्नताका आधारमा नेपथ्य पात्र उसलाई उपन्यासको संरचनाबाट झिक्दा पनि खास फरक नपर्ने भएकाले आबद्धताका आधारमा मुक्त पात्र हो ।

## ट) जेलको डाक्टरकी एउटी छ्याकी छोरी

जेलको डाक्टरकी एउटी छ्याकी छोरी कार्यका आधारमा गौण पात्र हो । जेलमा रहेका बन्दीहरूको आकर्षणको केन्द्र रहेकी ऊ प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । जेलमा रासन-पानी सप्लाई गर्ने ठेकेदारसँग दिउँसै खासा प्रेमलीला सुरु गर्ने उसमा यौनप्रतिको तीब्र चाहना देखिन्छ । स्वभावका आधारमा गतिहीन ऊ प्रतिनिधित्वका आधारमा भने व्यक्तिगत पात्र हो । आसन्नताका आधारमा नेपथ्य पात्रको भूमिका निर्वाह गरेकी ऊ आबद्धताका आधारमा मुक्त पात्रको रूपमा रहेकी छ ।

## ठ) सुत्केरी ज्यापुनी

कार्यका आधारमा गौण पात्रका रूपमा रहेकी सुत्केरी ज्यापुनी 'म' पात्रद्वारा वर्णित पात्र हो । सुत्केरी अवस्थामा चिसोले बढी समात्ने भएकाले ऊ स्वास्थ्य ठीक अवस्थामा राख्न दैनिक तेल घसिरहन्छे । प्रवृत्तिका आधारमा अनुकूल ऊ स्वभावका आधारमा गतिहीन पात्र हो । सुत्केरी महिलाहरूको प्रतिनिधित्व गरेकीले ऊ जीवनचेतनाका आधारमा वर्गीय पात्र हो । उपन्यासमा प्रत्यक्ष रूपमा देखा नपरेकी सुत्केरी ज्यापुनी आसन्नताका आधारमा नेपथ्य पात्र र आबद्धताका आधारमा मुक्त पात्रको रूपमा रहेकी छ ।

## ड) तरुनी नोकर्नीहरू

तरुनी नोकर्नीहरू कार्यका आधारमा गौण पात्र हुन् । थापा युवकले विवाह गर्ने घोषणा गरेलगत्तै थापा परिवारमा काम गर्न बसेका यिनीहरूमा काम गर्ने जाँगर मरेर गएको छ । प्रवृत्तिका आधारमा अनुकूल यिनीहरू स्वभावका आधारमा गतिहीन पात्र हुन् । सर्वगुणसम्पन्न थापा युवकले विवाह गर्ने युवती राम्री हैन, तर ठिटीले अवश्यै टुना पो लगाएकी हो कि भन्ने तरुनी नोकर्नीहरूमा नयाँ दुलही राम्री आइनन् भन्नेमा खिन्न छन् । नोकर्नीहरूको प्रतिनिधित्व गरेकाले यिनीहरू जीवनचेतनाका आधारमा वर्गीय पात्र हुन् । आसन्नताका आधारमा नेपथ्य पात्रको भूमिका निर्वाह गरेका तरुनी नोकर्नीहरूलाई झिक्दा पनि उपन्यासको संरचनामा खासै फरक नपर्ने भएकाले आबद्धताका आधारमा मुक्त पात्र हुन् ।

### ढ) राणापरिवारका छोरीहरू

राणापरिवारका छोरीहरू कार्यका आधारमा गौण पात्र हुन् । पारिवारिक अवस्था सामान्य नै भए पनि रवाफचाहिँ धेरै देखाउने खालका छन् यिनीहरू । स्वभावका आधारमा गतिहीन राणापरिवारका छोरीहरू आफ्नी साहिँली बहिनीको एउटा राम्रो युवकसँग विवाह हुन लाग्दा उसको भाग्य देखेर भुतुक्क भएका यिनीहरू प्रवृत्तिका आधारमा प्रतिकूल खालका छन् । धेरै आधुनिक हुन खोज्ने यी पात्रहरू आमाले साहिँली छोरीलाई शिक्षादीक्षा दिन लाग्दा कोही ओठ लेब्र्याउँछन् त कोही रेकर्ड प्लेयरमा गीत सुन्न थाल्छन् । प्रतिनिधित्वका आधारमा व्यक्तिगत पात्रको भूमिका निर्वाह गरेका यिनीहरू आसन्नताका आधारमा भने नेपथ्य पात्र हुन् । उपन्यासको संरचनामा खासै प्रभाव जमाउन नसकेका यी पात्रहरू आबद्धताका आधारमा भने मुक्त पात्रको रूपमा रहेका छन् ।

### ण) धाईआमा

धाईआमा कार्यका आधारमा गौण पात्र हो । साहेज्यूका छोराछोरी हेरचाह गर्न बसेकी ऊ प्रवृत्तिका आधारमा अनुकूल पात्र पनि हो । केश सेतै फुलेकी, अनुहार चाउरी परेकी उसलाई बृद्धावस्थाले ढपक्कै ढाकेको छ । सरल व्यवहार, नम्र बोली भएकी ऊ स्वभावका आधारमा गतिहीन पात्र पनि हो । धाईआमाहरूको प्रतिनिधित्व गरेकी ऊ जीवनचेतनाका आधारमा वर्गीय पात्र हो । आसन्नताका आधारमा नेपथ्य पात्रको भूमिका निर्वाह गरेकी धाईआमाले उपन्यासमा कुनै विशिष्ट प्रभाव जमाउन सकेकी छैन । त्यसैले ऊ आबद्धताका आधारमा मुक्त पात्रका रूपमा रहेकी छ ।

### त) पाकी आईमाई

पाकी आईमाई गौण पात्रका रूपमा यस उपन्यासमा चित्रित छ । 'म' पात्रको घरमा काम गर्न बसेकी भन्ने कुराको मात्र उल्लेख भएकी ऊ आसन्नताका आधारमा नेपथ्य र आबद्धताका आधारमा मुक्त पात्रको रूपमा रहेकी छ ।

### थ) एक हुल किशोरी

एक हुल किशोरीहरू पनि गौण पात्र हुन् । सडकमा हिँडिरहेका छन् भन्ने कुरा मात्र उल्लेख भएकाले यिनीहरूको स्वभाव तथा प्रवृत्ति खुट्याउन सकिँदैन । परोक्ष रूपमा देखा

परेकाले आसन्नताका आधारमा नेपथ्य र आबद्धताका आधारमा मुक्त पात्रको भूमिका यी पात्रहरूले निर्वाह गरेका छन् ।

यसरी यस उपन्यासमा विविध प्रकारका पात्रहरूको चित्रण भएको छ । प्रत्यक्ष रूपमा देखापर्ने 'म' पात्र बाहेक अन्य पात्र अप्रत्यक्ष रूपमा देखापर्छन् । उपन्यासमा उल्लिखित भूमिका पनि 'म' पात्रको मात्र रहेको छ । त्यसैले यो उपन्यासमा एउटै पात्रको भूमिकालाई मात्र सर्वोपरि महत्त्व दिइएको देखिन्छ ।

## ४.३ निर्बन्ध उपन्यासमा नारी पात्र

**निर्बन्ध** उपन्यास वानीरा गिरिको दोस्रो उपन्यास हो । यस उपन्यासमा विभिन्न प्रकारका पात्रहरू छन् । ती सबै पात्रहरूको भूमिका समान प्रकारको छैन । कुनै पात्रको महत्त्वपूर्ण भूमिका रहेको छ भने कुनै पात्रको भूमिका कम महत्त्वको छ । यस्ता पात्रहरूमा 'म' पात्र, 'म' पात्रकी आमा, ठूली आमा, ठूली फुज्यू, 'म' पात्रकी हजुरआमा, खरायोदन्ते, अति राम्री सुसारे, बाहुनी, ट्रक व्यापारीकी स्वास्नी, सानी फुज्यू, मोटी टाइपिष्ट, सेक्सन अफिसर, कार्की साहेबकी श्रीमती, काकी, सासू र बुहारी, साहिँली देवरानी, 'म' पात्रकी छोरी, बौलाही, बदिनी, स्वास्नीमानिसहरू आदि रहेका छन् । यिनै उल्लिखित पात्रहरूलाई भूमिकाका आधारमा प्रमुख, सहायक र गौण गरी वर्गीकरण गर्न सकिन्छ ।

### ४.३.१ प्रमुख नारी पात्र

**निर्बन्ध** उपन्यासमा प्रमुख नारी पात्रका रूपमा 'म' पात्र देखा पर्दछे । चौध परिच्छेदमा विभाजित यस उपन्यासमा 'म' पात्रको उपस्थिति सबै परिच्छेदहरूमा रहेको छ । उपन्यासका सम्पूर्ण घटनाहरू 'म' पात्रकै केन्द्रीयतामा घटेकाले कार्यका आधारमा ऊ प्रमुख पात्र हो । 'म' पात्र विधवा भएको घटनाबाट प्रारम्भ भएको उपन्यास वृत्ताकारीय ढाँचामा रहेको छ । समाख्याताका रूपमा यस उपन्यासमा आएकी 'म' पात्रले घटनाको वर्णन गरेकी छ । सेतो कपडासित आबद्ध गर्नु, केश फुका छोड्नु, रित्ता नाडी हुनु अनि सिउँदोबाट सिन्दूर पखालिनुमा आफ्नोमात्र दोष नभई अरू पनि कारण भएको कुरा उसले उल्लेख गरेकी छ । आफ्नो श्रीमान्को मृत्युको खबर उसले काकी, सासू र उनका बुहारीहरूबाट पाएकी छ । श्रीमान्को मृत्युको खबरले उसका आँखाबाट भलभल आँसू वहन थाल्छन् अनि अन्य

महिलाहरूको डाँकोको कोलाहलमा सम्मिलित हुन्छे । वीर अस्पतालको सघन कक्षमा राखिएको श्रीमान्को शवलाई ऊ नियाल्न थाल्छे । वैवाहिक जीवनभरि कहिल्यै शिरसम्म नसुम्सुम्याउने उसका हात एकाएक पाउ पक्रन पुग्छ । कक्रिएका चिसा पाउ पक्रँदा उसले बाबा अमरनाथका चिसा अधरलाई छामेको अनुभव गर्दछे अनि आफ्नो श्रीमान्को अनुहारमा व्याप्त भएको असीम घृणालाई पनि महसुस गर्दछे । विचित्र किसिमको भयले व्याप्त 'म' पात्र "आज सर्वप्रथम मैले आफूलाई स्वास्नीमानिस हुनुको वास्तविक अर्थमा पाएँ" (गिरि, २०६२ : ३) भन्दछे । श्रीमान्को मृत्युपश्चात् उसमा अगाडि देखिने चुलबुलेपन सेलाएको छ । आफूलाई एकसरो सेतो लुगामा पाएपछि देखाउँ-देखाउँ लाग्ने आफ्नो शरीर पनि उसलाई कहीँ लुकाउँजस्तो भएको छ । छोराछोरी र श्रीमान्का बीचमा जहिले पनि तगारो बन्ने ऊ श्रीमान्लाई हेयको दृष्टिले हेर्ने गर्थी । भोगलाई आनन्दको अनन्त श्रोतको रूपमा लिने उसले श्रीमान्को मृत्युपश्चात् मलाई पहिले नै कुनै कठोर सजाय दिएर यस्तो गलत कार्य गर्न रोकेको भए हुने भनेर सोच्न थाल्दछे । श्रीमान् एक असल पति भए पनि ऊ "शरीर र भोगको दृष्टिले बघिनीको परकाया प्रवेश भइसकेको थियो मभित्र" (गिरि, २०६२ : ८) भन्दछे । महत्त्वपूर्ण वस्तु नगुमाई अर्को महत्त्वपूर्ण अनुभव प्राप्त गर्न नसकिने भन्ने भनाइ बल्ल उसले श्रीमान् गुमाएपछि त्यो कुराको अनुभूति गर्न थालेकी छ । अर्थात् श्रीमान्को मृत्यु सँगसँगै उसमा व्याप्त अलच्छिनी बघिनीको एक प्रकार मृत्यु भएर सिङ्गो स्वास्नीमानिस जन्मिएको छ । यस्तो निर्बन्ध जीवन जिउनुमा उसले त्यसको सूत्राधार आफ्नै बुबा भएको उल्लेख गरेकी छ ।

'म' पात्रको बुबाको व्यक्तित्व विशिष्ट छ । ऊ कुनै महाकाव्यको धीर, वीर, उदात्त नायक झैँ लाग्छ तर व्यवहारमा दुष्टता र फटचाइँले उसमा राज गरेको छ । सासूआमाले 'म' पात्रको बुबालाई अति योग्य वर ठानी असंख्य सुन, चाँदी, हिरा छाडेर गएकी थिइन् तर त्यही सम्पत्तिको आडमा 'म' पात्रका बुबा साँझ परेपछि बेपत्ता हुने, घरमै स्कचको अखडा जमाउन थाल्छ । हुँदाहुँदा पछि त घरमै केटीहरू फेर्दै रात बिताउन थाल्छ । किशोरावस्थामा उक्लँदै गरेकी 'म' पात्र यी सारा कुराहरूको प्रत्यक्षदर्शी रहेकी छ । उसका बुबाले आमाप्रति गरेको दमन, शोषण, अत्याचार, पाशविकता र क्रुरतालाई ऊ गहिरोसँग बुझ्दै जान्छे । आँधीसँग सङ्घर्ष गरिरहेकी सोझी आमाको व्यवहारको फाइदा उठाउने बुबाका कुकृत्यको प्रतिकार गर्न ऊ अग्रसर भएकी छ । बुबासँगको विद्रोहको पहिलो खुड्किलोका रूपमा उसले बुबाकै अखडामा आउने एक सदस्यसँग सम्बन्ध गाँस्छे । त्यो प्रेमीसँग 'म' पात्र घरको

पछाडिपट्टि बगैँचामा दैनिकजसो भेट्न थाल्छे । केही दिनको भेटपश्चात् निर्बन्धित जीवनको पहिलो सिकार उसले त्यही प्रेमीलाई बनाएकी छ । त्यो पहिलो सिकारपश्चात् 'म' पात्रमा कुनै कुराको पनि डरको क्लेश बाँकी छैन । बुबाले आमालाई उपेक्षापूर्ण बन्धनले पाता कसेर थन्क्याउन खोजे पनि ऊ निर्बन्धताको कहालीलाग्दो फैलावटबाट बुबालाई अत्याउन क्रियाशील रहेकी छ । बुबासित प्रतिकार गर्न पहिलो प्रेमीलाई अङ्गीकार गरेकी उसले प्रतिकारको स्वरूप भने त्यतिमै रोकेकी छैन । उसमा पुरुष संसर्गको लत लागिसकेको छ । दोस्रो शिकारको रूपमा 'म' पात्रले कलेजको एउटा केटालाई पाएकी छ । 'म' पात्रको यस्तो व्यवहारबाट विस्तारै बुबाको बानीमा पनि परिवर्तन देखापर्न थाल्छ । बुबाको परिवर्तित व्यवहारले आमामा खुसीको सञ्चार हुन थाल्छ तर 'म' पात्र भने फुक्का बन्धनहीन भएर कहिल्यै निस्कन नसक्ने दलदलमा फँसिसकेकी छ । यसैबीचमा 'म' पात्रको विवाहको बारेमा कुरा हुँदा सानी फुज्यूले ल्याएको केटो सबैबाट स्वीकृत हुन्छ र नयाँ दुलाहा पनि बाबुको व्यवहारप्रतिको प्रतिकारको सिकार हुन पुग्छ । यसरी पूर्वदीप्ति शैलीमा वर्णित घटनाको आदिदेखि अन्त्यसम्म उपन्यासमा आफ्नो बलियो उपस्थिति पेस गरेकी 'म' पात्र कार्यका आधारमा प्रमुख पात्र हो ।

पहिले सरल जीवन जिउँदा उसमा अनुकूल प्रवृत्ति पाइन्छ तर बुबाको व्यवहारको प्रतिकार गर्न थालेदेखि उसमा प्रतिकूल प्रवृत्ति पाइन्छ । किशोरावस्थामा प्रवेश गरेपछि आफ्नी आमाको मर्मलाई राम्ररी बुझ्ने अनि त्यो मर्मलाई शान्त पार्न आफू निर्बन्धित बनेर आमामा खुसी ल्याउन सफल हुने ऊ स्वभावका आधारमा गतिशील पात्र हो । जीवनचेतना वा प्रतिनिधित्वका आधारमा व्यक्तिगत पात्रको भूमिका निर्वाह गरेकी 'म' पात्र कथानकको समाख्याता आफैँ भएकीले आसन्नताका आधारमा मञ्च पात्र हो । त्यस्तै उपन्यासमा सबैभन्दा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका कारण उसलाई हटाउँदा उपन्यासको संरचना नै विग्रने भएकाले आबद्धताका आधारमा ऊ बद्ध पात्र हो ।

'म' पात्रमा नारीवादी चिन्तन प्रवल रहेको छ । नारीलाई दबाउने र होच्याउने पुरुषप्रति ऊ प्रतिकार गर्न उत्रिएकी छ । पहिले सरल स्वभावकी ऊ बुबाको व्यवहारको कारण किशोरावस्थादेखि स्वच्छन्द देखिन्छे । बहिर्मुखी स्वभावकी ऊ बुबाको गलत कार्यको विरोध प्रतीकात्मक रूपबाट बुबाकै अघि गर्न थाल्छे । आफ्नो बुबाको उन्मुक्त उच्चलनबाट प्रभावित एवम् प्रेरित 'म' पात्र स्वयम् स्वतन्त्र यौनाचारको लागि अगाडि सर्छे (राकेश,

२०४३ : शनिवासरीय परिशिष्टाङ्क 'ग') । 'म' पात्रको हृदयमा आमाप्रति पूरापूर सहानुभूति छ । त्यति धेरै अध्ययन गर्न नसकेकी ऊ अत्याधुनिक हुन खोज्छे । सिन्दूरलाई फेसनको रूपमा लिने उसले हिन्दू नारीको सौभाग्यको प्रतीकलाई पनि अपमानित गरेकी छ । उपन्यासको अन्त्यमा उसलाई आत्मज्ञान भएको जस्तो देखिन्छ । आफ्नो जीवन असफल रहेको कुरा उसको "जीवनलाई जीवनको मञ्चबाट उदाङ्गो हेरेको छु भन्ने भ्रममा थिएँ तर जीवनलाई मञ्चको पछाडिबाट हेरेँछु । जीवनले किचकन्नीले झैँ ह्वाङ्ग परेको ढाड फर्काइदिएछ मलाई" (गिरि, २०६२ : ८७) भन्ने भनाइबाट बुझ्न सकिन्छ । 'म' पात्रमा मनोविज्ञानको पनि प्रभाव परेको देखिन्छ । आमाले सहेको दुःख बुबाबाट प्रभावित छ अनि बुबाप्रति प्रतिकार गर्नु मनोविज्ञानको नजिक छ । त्यसैगरी सबै पुरुषहरूमा उसले बुबाकै रूप देख्नु, आफ्नो हुनेवाला श्रीमान् पनि तत्काल सोझो देखिए पनि भविष्यमा यही सम्पत्तिको लागि आँखा गाडेको होला भन्नुबाट उसमा पुरुषविरोधी मानसिकता रहेको देखिन्छ । आफ्नो जीवन बर्बाद भए पनि बुबालाई हाँक दिनु र आमाको जीवनमा सुखको सञ्चार गर्नुलाई उसले सफलताको रूपमा लिएकी छ ।

### ४.३.२ सहायक नारी पात्र

'म' पात्रकी आमा कार्यका आधारमा सहायक पात्र हो । ठूलो महलको मालिक्नी भए पनि पिँजराको चरा झैँ कैदी जीवन जिउन विवश छे । श्रीमान्ले गरेका कुकृत्यहरू टुलुटुलु हेर्ने तर त्यसको प्रतिकारमा श्रीमान्प्रति औँला ठड्याउन पनि नसकेकी ऊ प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । सरल र सामान्य जीवन व्यतीत गर्ने 'म' पात्रकी आमाले कुनै समयमा पनि परिवर्तनको आभाष दिएकी छैन । त्यसैले स्वभावका आधारमा ऊ गतिहीन पात्र हो । श्रीमान्को सेवामा सदा समर्पित ऊ श्रीमान्को तुलनामा नोकर्नी सरह देखिन्छे । श्रीमान्सँग खुलेर बोल्न पनि ऊ थरथर हुन्छे । दैनिकजसो आफ्नै घरमा स्वास्नीमानिसहरू फेर्दै शयनकक्षमा लिएर जाने श्रीमान्को विरोध गर्ने आँट 'म' पात्रकी आमामा छैन । श्रीमान्सँग सँगै बसेर खाना खान नपाएकी ऊ एकदिन श्रीमान्ले सँगै बसेर खाना खाऊँ भन्दा उसमा खुसीको सीमा देखिँदैन । जस्तै कठोर र क्रुरतापूर्ण व्यवहार गरे पनि ऊ त्यसलाई रोएर मात्र टार्ने र त्यो पीरलाई कसैसँग पनि साटेर मन हलुङ्गो पार्न नचाहने अन्तर्मुखी पात्र पनि हो । देवरानीले भरपात बदिनीलाई दाजुले राखेको देखेपछि भाउजूलाई "यस्तो मनपरी कति दिन सहने ? हजुर ज्यादै सोझी हुनु भएन" (गिरि, २०६२ : ७०) भन्दा

ऊ "के भनिबक्स्या ! म बाङ्गी हुनेबित्तिकै हजुरको दाइ सोभ्रो होइबक्सन्छ त ?" (गिरि, २०६२ : ७०) भन्दछे । दुईवटा सन्तानकी आमा उसले एक सरल, सोझी र पीडित नारी वर्गको प्रतिनिधित्व गरेकी छ । आफ्नी एक्ली छोरी गलत कार्यतर्फ उन्मुख हुँदै गएको देख्दा देख्दै पनि ऊ अभिभावकत्वको भूमिका निर्वाह गर्न असक्षम पात्रको रूपमा देखिन्छे । आसन्नताका आधारमा मञ्च पात्रको भूमिका निर्वाह गरेकी ऊ उपन्यासमा आबद्धताका आधारमा बद्ध पात्रको रूपमा रहेकी छ । समग्रमा मनका भावना, चाहना मनमा नै गुम्स्याएर राख्ने, जस्तो पीर परे पनि सहन सक्ने सोझी, सरल एवम् काँतर पात्रको रूपमा यस उपन्यासमा 'म' पात्रकी आमा चित्रित छे ।

### ४.३.३ गौण नारी पात्र

#### क) ठूली आमा

ठूली आमा कार्यका आधारमा गौण पात्र हो । आफ्नो घरमा सप्ताह हुँदा बहिनीलाई आफैँ निम्ता दिन आउने ऊ प्रवृत्तिका आधारमा अनुकूल पात्र पनि हो । ज्वाइँको व्यवहारबाट आजीत उसकी बहिनी दिदी आफैँ लिन आउँदा पनि जान्छु भनेर मुखसम्म खोल्न नसकेपछि घरतिर हिँड्ने उसमा परिस्थितिको बोध गर्नसक्ने क्षमता देखिन्छ । निःसन्तान नारी हुनुको पीडाबोध गरेकी ऊ श्रीमान्को हप्कीदप्कीले झन् आजीत छे । उसको बाँझोपनमाथि श्रीमान्ले क्रुर प्रहार गरे पनि नित्यकर्ममा सदा लागिरहने सरल व्यवहार भएकी ऊ स्वभावका आधारमा गतिहीन पात्र हो । आफ्नो बाँझोपनमा सधैँ औँला ठड्याउने श्रीमान्को डाक्टरी परिक्षणका क्रममा वीर्यहीनताको पुष्टि भएपछि पतिमा परेको चटचाङले ऊ भित्रसम्म थररर हुन्छे । आफ्नो कमजोरी थाहा पाएपछि श्रीमान् मूर्तिजस्तै जडवत् हुन्छन् । उनलाई पक्षाघातले आक्रमण गरिसकेको हुन्छ । श्रीमान्को यस्तो अवस्था देखेर ऊ गोडामा छाँद हाल्दै मलाई सन्तान चाहिँदैन, म आमा बन्दिन भन्दै बिलौना गर्छे । श्रीमान्ले जस्तोसुकै कठोर व्यवहार गरेपनि ऊ पतिभक्ति प्रवल बन्दै गएकी पात्र हो । स्वभावका आधारमा गतिहीन उसको चित्रण उपन्यासको केही अंशमा भएको छ । प्रतिनिधित्व वा जीवनचेतनाका आधारमा मातृत्वविहीन महिलाहरूको भूमिका निर्वाह गरेकी वर्गीय पात्र हो । 'म' पात्रद्वारा वर्णित भएकाले आसन्नताका आधारमा नेपथ्य पात्र हो । त्यसैगरी उपन्यासमा महत्त्वपूर्ण प्रभाव जमाउन नसकेकी ऊ आबद्धताका आधारमा मुक्त पात्रका रूपमा रहेकी छ ।

## ख) ठूली फुज्यू

ठूली फुज्यू कार्यका आधारमा गौण पात्र हो । लामो समयपश्चात् आफन्तसँग भेट हुँदा खुसीका आँसु बहाउने ऊ प्रवृत्तिका आधारमा अनुकूल पात्र पनि हो । एकै किसिमको सरल जीवन जिउने ठूली फुज्यू स्वभावका आधारमा गतिहीन पात्र हो । नराम्रो कार्यको विरोध गर्नुपर्छ भन्ने मान्यता भएकी ऊ आफ्नो दाजुले गरेको गलत कार्यको प्रतिकार गर्न भाउजूलाई यसरी सुझाव दिन्छे– "भाउज्यू ! दाइको यस्तो मनपरी कति दिन सहने ? हजुर ज्यादै सोझी हुनु भएन" (गिरि, २०६२ : ७०) । सहने र सोझी हुनुको पनि एउटा सीमा हुन्छ तर त्यसले बाँध नाघेपछि विद्रोह गर्नुपर्छ भन्ने मान्यता उसको छ । जीवनचेतना वा प्रतिनिधित्वका आधारमा व्यक्तिगत पात्रको भूमिका निर्वाह गरेकी ऊ आसन्नताका आधारमा भने नेपथ्य पात्र हो । उपन्यासबाट हटाए पनि खास फरक नपर्ने भएकाले ठूली फुज्यू आबद्धताका आधारमा मुक्त पात्रका रूपमा रहेकी छ ।

## ग) 'म' पात्रकी हजुरआमा

'म' पात्रकी हजुरआमा कार्यका आधारमा गौण पात्र हो । विशाल सम्पत्तिकी मालिक्नी ऊ मर्ने बेलामा आफ्नी छोरी र ज्वाइँलाई योग्य वर ठानी सारा धनदौलत जिम्म लगाउने प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । हुनेवाला ज्वाइँको चरित्र खुटचाउन नसकेकी ऊ स्वभावका आधारमा गतिहीन पात्र पनि हो । प्रतिनिधित्वका आधारमा व्यक्तिगत पात्रको भूमिका निर्वाह गरेकी ऊ उपन्यासको केही अंशमा मात्र आफ्नो उपस्थिति पेस गरेकी पात्र हो । उपन्यासमा अप्रत्यक्ष रूपमा देखा परेकी 'म' पात्रकी हजुरआमा आसन्नताका आधारमा नेपथ्य र आबद्धताका आधारमा मुक्त पात्रका रूपमा रहेकाले उसलाई झिक्दा पनि कथानकमा केही फरक नपर्ने देखिन्छ ।

## घ) खरायोदन्ते

'म' पात्रको सुसारेको रूपमा काम गर्न बसेकी खरायोदन्ते कार्यका आधारमा गौण पात्र हो । 'म' पात्रलाई कथा भन्ने निहुँमा आमाको कोठामा बसी बैठक कोठाको कल्याङमल्याङ र हँसीठट्टामा मात्र उसको ध्यान सधैँ जान्छ । 'म' पात्रको बुबाले देखाउने अरूप्रतिको लिप्सा, आकर्षण, घिनलाग्दा र नग्न कुरा बैँसले उन्मत्त भएकी उसलाई यस्ता

कुरा क्रीडा, आनन्द र यौनसुखको रमाइलो गर्ने माध्यम बनेको छ । प्रवृत्तिका आधारमा अनुकूल पात्र ऊ स्वभावका आधारमा गतिहीन पनि छे । अशिक्षित भएकाले कुन समयमा के गर्ने भन्ने विषय नै उसलाई थाहा छैन । प्रतिनिधित्वको आधारमा व्यक्तिगत पात्रको भूमिका निर्वाह गरेकी खरायोदन्ते अप्रत्यक्ष रूपमा उपन्यासमा चित्रण भएका कारण आसन्नताका आधारमा नेपथ्य पात्र हो । बगैँचामा राती सबैको आँखा छली 'म' पात्रको प्रेमीसँग प्रेमलीला देखाउने उसमा तीव्र यौनाकाङ्क्षा छ । आबद्धताका आधारमा मुक्त पात्रको भूमिका निर्वाह गर्ने ऊ समग्रमा 'म' पात्रको हेरचाहका लागि राखिएकी सोझी पात्र हो ।

## ङ) अति राम्री सुसारे

अति राम्री सुसारेले कार्यका आधारमा गौण पात्रको भूमिका निर्वाह गरेकी छ । 'म' पात्रको बुबाका लागि आमाले मनोरञ्जनको साधनका रूपमा प्रयोग गरिएकी ऊ प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । मालिक्नीले मालिककहाँ जानु म राम्रो अत्तर छरिदिउँला भन्दा "महारानी हजुरलाई डाह लाग्दैन ?" (गिरी, २०६२ : २२) भन्ने उसमा सोझोपन पाउन सकिन्छ । स्वभावका आधारमा गतिहीन ऊ जीवनचेतना वा प्रतिनिधित्वका आधारमा व्यक्तिगत पात्र हो । बाबुसाहेबलाई सन्तुष्ट पारेबापत् हरियो चिप्लने सारी पाउने ऊ गलत कार्य गर्नुहुन्न भन्ने चेतनासम्म नभएकी पात्र पनि हो । आसन्नताका आधारमा नेपथ्य पात्रको भूमिका निर्वाह गरेकी अति राम्री सुसारे आबद्धताका आधारमा मुक्त पात्रको रूपमा रहेकी छ ।

## च) ट्रक व्यापारीकी स्वास्नी

ट्रक व्यापारीकी स्वास्नी कार्यका आधारमा गौण पात्र हो । 'म' पात्रको बुबासँग शारीरिक तृप्ति गर्न आएकी ऊ प्रवृत्तिका आधारमा प्रतिकूल पात्र हो । स्वभावका आधारमा गतिहीन ऊ जीवनचेतनाका आधारमा व्यक्तिगत पात्र हो । त्यसैगरी आसन्नताका आधारमा नेपथ्य पात्र ऊ आबद्धताका आधारमा मुक्त पात्रका रूपमा रहेकी छ ।

## छ) सानी फुज्यू

सानी फुज्यू कार्यका आधारमा गौण पात्र हो । पढ्नमा खूब तेज आफ्नो भतिजोलाई दाजुकी चरित्रहीन छोरीसँग विवाह गराइदिने ऊ प्रवृत्तिका आधारमा प्रतिकूल पात्र हो ।

स्वभावका आधारमा गतिहीन ऊ टुहुरो भतिजोलाई चरित्रहीन दाजुकी छोरीसँग विवाह गराइदिएपश्चात् धेरै धनसम्पत्ति प्राप्त गर्न सकिन्छ भन्ने सोचमा छे । जीवनचेतना वा प्रतिनिधित्वका आधारमा व्यक्तिगत पात्रको भूमिका निर्वाह गरेकी ऊ अप्रत्यक्ष रूपमा आफ्नो उपस्थिति जनाउने आसन्नताका आधारमा नेपथ्य पात्र हो । उपन्यासको पर्याधारमा विशिष्ट प्रभाव पार्न नसकेकी ऊ आबद्धताका आधारमा मुक्त पात्र हो ।

**ज) बाहुनी**

बाहुनी कार्यका आधारमा गौण पात्र हो । 'म' पात्रकी आमालाई चाहिने सम्पूर्ण पूजासामग्री तयार पार्ने अनि त्यसलाई पूजाकोठामा पुऱ्याउने जिम्मा पाएकी उसको अन्य कुराको चित्रण भने उपन्यासमा भएको छैन । आसन्नताका आधारमा नेपथ्य पात्र बाहुनी आबद्धताका आधारमा भने मुक्त पात्रको रूपमा उपन्यासमा चित्रित छे ।

**झ) सेक्सन अफिसर**

उपन्यासमा अप्रत्यक्ष रूपमा चित्रण गरिएकी सेक्सन अफिसर कार्यका आधारमा गौण पात्र हो । 'म' पात्रले आफ्नो श्रीमान् कता कता सेक्सन अफिसरको प्रेमी बनेको कुरा सुने पनि उसलाई त्यसमा विश्वास छैन । आसन्नताका आधारमा नेपथ्य पात्र र आबद्धताका आधारमा मुक्त पात्रको रूपमा सेक्सन अफिसरको चित्रण उपन्यासमा गरिएको छ ।

**ञ) कार्की साहेबकी श्रीमती**

अप्रत्यक्ष रूपमा चित्रण गरिएकी कार्की साहेबकी श्रीमती कार्यका आधारमा गौण पात्र हो । श्रीमान् ठिटीको पछि लाग्न थालेपछि छोडपत्र गर्न तयारी गरेकी ऊ प्रवृत्तिका आधारमा अनुकूल पात्र पनि हो । उपन्यासको सीमित अंशमा उल्लिखित उसको अन्य कुराको जानकारी पाइँदैन । स्वभावका आधारमा गतिशील, जीवनचेतनाका आधारमा व्यक्तिगत, आसन्नताका आधारमा नेपथ्य र आबद्धताका आधारमा ऊ मुक्त पात्र हो ।

**ट) मोटी टाइपिस्ट**

मोटी टाइपिस्ट कार्यका आधारमा गौण पात्र हो । कार्की साहेबसँग मोजमज्जा गर्दै हिँड्ने ऊ प्रवृत्तिका आधारमा प्रतिकूल पात्र पनि हो । मोटी टाइपिस्टको चित्रण पनि उपन्यासको थोरै अंशमा अप्रत्यक्ष रूपमा भएको छ । ऊ जीवनचेतना वा प्रतिनिधित्वको

आधारमा व्यक्तिगत पात्र र आसन्नताका आधारमा नेपथ्य पात्र हो । उपन्यासबाट हटाउँदा पनि फरक नपर्ने ऊ आबद्धताका आधारमा मुक्त पात्र हो ।

**ठ) काकी, साहिँली देवरानी, सासू र उनका बुहारीहरू**

उल्लिखित सबै पात्रहरू कार्यका आधारमा गौण पात्र हुन् । 'म' पात्रको श्रीमान् बितेको समाचार दिने यी पात्रहरू प्रवृत्तिका आधारमा अनुकूल पात्र हुन् । अप्रत्यक्ष चित्रण गरिएका यी पात्रहरूको अन्य कुनै कुराको चर्चा छैन । जीवनचेतनाका आधरमा व्यक्तिगत, आसन्नताका आधारमा नेपथ्य र आबद्धताका आधारमा मुक्त पात्रको भूमिका यिनीहरूले निर्वाह गरेका छन् ।

**ड) स्वास्नीमानिसहरू**

'म' पात्रलाई विवाह गरेर घरमा ल्याइसकेपछि देखिएका स्वास्नीमानिसहरू कार्यका आधारमा गौण पात्र हुन् । गरगहना धेरै लगाएका उनीहरूमा धातुप्रतिको मोह अत्यन्त देखिन्छ । दाइजोमा के-के सम्पत्ति आयो भनेर अनेक कुराहरू काट्न थाल्ने यी पात्रहरू प्रवृत्तिका आधारमा प्रतिकूल पात्र हुन् । मेरा आफ्ना मान्छेले बिहेमा यति-यति खर्च गरे भनेर सबै स्वास्नीमानिसहरू आफ्नो फुर्ति लगाउन मस्त देखिन्छन् । स्वभावका आधारमा गतिहीन, जीवनचेतनाका आधारमा व्यक्तिगत, आसन्नताका आधारमा नेपथ्य र आबद्धताका आधारमा मुक्त पात्रको भूमिकामा स्वास्नीमानिसहरू देखिन्छन् ।

**ढ) 'म' पात्रकी छोरी**

'म' पात्रकी छोरी कार्यका आधारमा गौण पात्र हो । उसको हाँस्ने खेल्ने उमेर भए पनि आमाले उसलाई त्यसमा बन्देज लगाएकी छ । अप्रत्यक्ष रूपमा चित्रण गरिएकी ऊ नेपथ्य र मुक्त पात्रको रूपमा रहेकी छ ।

**ण) बौलाही**

बौलाही कार्यका आधारमा गौण पात्र हो । केश खुला, सर्वाङ्ग नाङ्गी भएर ऊ जङ्गल-जङ्गल डुलीहिँड्ने गर्छे । प्रवृत्तिका आधारमा अनुकूल ऊ स्वभावका आधारमा गतिहीन छे । झुलुक्क एकपटक मात्र देखा परेकी उसको चित्रण अन्य ठाउँमा भएको छैन । जीवनचेतना

वा प्रतिनिधित्वका आधारमा व्यक्तिगत पात्र ऊ आसन्नताका आधारमा नेपथ्य पात्र हो । उपन्यासको संरचनाबाट हटाए पनि फरक नपर्ने बौलाही आबद्धताका आधारमा मुक्त पात्र हो ।

### त) बदिनी

बदिनी कार्यका आधारमा गौण पात्र हुन् । नर्तकीको रूपमा उपन्यासमा चित्रण भएका यिनीहरू प्रवृत्तिका आधारमा अनुकूल पात्र पनि हुन् । मनोरञ्जनको साधन बनाइएका यिनीहरू स्वभावका आधारमा गतिहीन छन् । जीवनचेतना वा प्रतिनिधित्वका आधारमा व्यक्तिगत पात्रको भूमिका निर्वाह गरेका यिनीहरू आसन्नताका आधारमा नेपथ्य पात्र हुन् । उपन्यासको संरचनामा उल्लेख्य प्रभाव पार्न नसकेका बदिनी आबद्धताका आधारमा मुक्त पात्र हुन् ।

यसरी **निर्बन्ध** उपन्यासमा नारी पात्रको संयोजन विशेषतः अप्रत्यक्ष रूपमा भएको छ । मुख्य भूमिका खेल्ने पात्रहरू पनि थोरै नै देखिन्छन् । **कारागार** उपन्यास जस्तै **निर्बन्ध** उपन्यासमा पनि एउटै पात्रको भूमिका महत्त्वपूर्ण देखिन्छ ।

## ४.४ शब्दातीत शान्तनु उपन्यासमा नारी पात्र

**कारागार** र **निर्बन्ध** उपन्यासपछि वानीरा गिरिले सिर्जना गरेको तेस्रो उपन्यास **शब्दातीत शान्तनु** हो । यस उपन्यासमा बाक्लै नारी पात्रको संयोजन गरे पनि पुरुष पात्रलाई मुख्य भूमिकामा प्रस्तुत गरिएको छ । सहायक र गौण भूमिकामा देखिएका नारी पात्रको भूमिका पनि समान प्रकारको छैन । यी पात्रहरूमा शान्तनुकी आमा, शकुन्तलादेवी, पण्डितनी बज्यै, राम्रा कन्या, अधिकारिनी बज्यै, देविका, राजकुमारी, तरुनी घर्तिनीहरू, माहिली दुलही, भान्से बाहुनी, चमेली, जेठानी-देवरानीहरू, लप्टन्नीसाहेबहरू, दुलहीसाहेबहरू, थनेकी आमा, सानी, घर्तिनीकी राम्री छोरी, गोमा, लिना शर्मा, कमली, बतैया भाउजू, बहुरी, जिम्दार्नी, जिम्दार्नीकी बुहारी, जिम्दार्नीकी नातिनी, हिसी परेकी घर्तिनी, माङ्साबनी, माङ्साबनीका जेठानी-देवरानी, माङ्साबका चार छोरी, शान्तनुकी माहिली बुहारी, शान्तनुकी जेठी बुहारी आदि रहेका छन् । यिनै नारी पात्रहरूको भूमिकाको आधारमा क्रमशः अध्ययन गरिएको छ ।

### ४.४.१ प्रमुख नारी पात्र

शकुन्तलादेवी **शब्दातीत शान्तनु** उपन्यासमा प्रमुख नारी पात्रको रूपमा देखिन्छे । सानो कदकी शकुन्तलादेवीको विवाह शान्तनुसँग भएको छ । मालिक्नीसाहेबकी जेठी बुहारी बनेर भित्रिएकी ऊ आफ्नो श्रीमान् गाउँमा कसैलाई परेको समस्या आफ्नै समस्या ठानेर सहयोग गर्ने, आश्रय दिने भएकाले श्रीमान्को कारणले उसको व्यक्तित्व पनि गाउँमा निकै उच्च रहेको छ । सम्पन्न घरकी सुकन्या ऊ शान्तनुसँग विवाह गरेर आउँदा दाइजो निकै ल्याएकी छ । बिहानै उठ्नु, नुहाइधुवाइ गर्नु, पूजापाठ सिध्याएर तातोमीठो चिया लिएर सासूको सेवामा पुग्नु, त्यस्तै घरको यावत् विषयमा ध्यान दिनु तिनको दैनिकी हो । प्रवृत्तिका आधारमा अनुकूल ऊ अरूलाई सहयोग गर्ने, कसैको कुभलो नचिताउने, दुःख पाएकालाई सान्त्वना दिने गर्छे । घरपरिवारका सदस्यको उच्च ख्याल राख्ने ऊ सासू बिरामी हुँदा घरको सारा कामधन्दा छोडेर स्याहारमा लागेकी छ । त्यसैगरी श्रीमान्को लागि ऊ ठूलो आड भरोसाको केन्द्र भएकी छ । उपन्यासको समाप्तिसम्म कुनै व्यवहार परिवर्तन नगरेकी शकुन्तलादेवी स्वभावका आधारमा गतिहीन पात्र हो । पतिव्रता प्रवल भएकी ऊ श्रीमान्लाई सानो काम लगाउनु पनि ठूलो अपराधजस्तै सम्झिन्छे । नेपाली हिन्दू नारी वा गृहिणीहरूको नेतृत्व गरेकाले जीवनचेतनाका आधारमा वर्गीय पात्र हो । उपन्यासमा अप्रत्यक्ष कार्य गर्ने शकुन्तलादेवी आसन्नताका आधारमा नेपथ्य पात्र पनि हो । उसले उपन्यासको संरचनामा निकै प्रभाव पारेकी छ । उसलाई झिक्दा उपन्यासको संरचना बिग्रने भएकाले आबद्धताका आधारमा बद्ध पात्रको रूपमा रहेकी छ ।

शकुन्तलादेवीलाई जीवनदृष्टिको कोणबाट हेर्दा ऊ सरल र सामान्य पात्र हो । आर्थिक स्तर मजबुत भएपनि त्यसको घमण्ड उसमा कतै देखिँदैन । महिलामा देखिने गहनाप्रतिको मोह उसमा कत्ति पनि छैन । आफू अशिक्षित भए पनि देवर-देवरानीहरूलाई शिक्षा आर्जन गर्नमा ऊ प्रेरित गर्ने स्वभावकी छ । कसैले नराम्रो गरेपनि त्यसको झर्कोफर्को उसमा कहिल्यै देखिँदैन । श्रीमान्ले दुःख पाएका सबै मान्छेलाई घरमा आश्रय दिएकोमा कता-कता रिस उठेको छ तर अन्तर्मुखी स्वभावकी ऊ त्यसलाई व्यक्त गर्न सक्तिन । गृहस्थीको गाडी चलाउन हम्मेहम्मे हुँदा “किन होला हावाले उडाएका पत्तादेखि लिएर घरबारविहीन प्राणीसमेत हाम्रै सँगारभित्र भित्रिएका ?” (गिरि, २०६० : ८७) भन्दै एक्लै सोच्दछे । हरेक कार्य सोचेर, विचार गरेर गर्ने बानी उसको छ । शकुन्तलादेवी

समग्रमा सरल व्यवहार भएकी असल पात्र हो । त्यसैगरी सबल आर्थिक अवस्थाबाट दुर्बलतातर्फ धकेलिँदै गएकी ऊ यस उपन्यासकी नायिका पनि हो ।

## ४.४.२ सहायक नारी पात्र

शान्तनुकी आमा कार्यका आधारमा सहायक पात्र हो । सरल र मिजासिलो व्यवहार भएकी ऊ जीवनमा अनेकौँअनेकौँ आँधीबेहरीसँग जुधेर आफ्नो आर्थिक अवस्था मजबुत पार्ने पात्रका रूपमा देखिन्छे । ठूलो हृदय भएकी शान्तनुकी आमा आश्रय खोज्दै आउनेलाई शरण दिन्छे । यसरी ऊ प्रवृत्तिका आधारमा अनुकूल पात्र   हो । बीस वर्षको छँदै विधवा भएकी उसको आर्थिक अवस्था पनि कमजोर थियो । तीनवटा छोरालाई एक्लै पढाउने, बढाउने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बहादुरी पात्रको श्रेय उसलाई जान्छ । उमेरले चारबीस टेक्न लाग्दा पनि उसको सक्रियता अझै घटेको छैन । छोरालाई खेतीपातीको बारेमा सिकाइअनुसार आबद्ध गर्ने, कुन खेतमा के बाली हुन्छ कण्ठै राख्ने, अल्छि लागेका बेला फूलहरू गोड्नेजस्ता निष्क्रिय कार्य उसको दैनिकी हो । विगतमा हण्डर र ठक्कर धेरै खाएकी उसको वर्तमान भने निकै सुखप्रद रहेको छ । समय परिस्थिति अनुरूप चल्न, बदलिन जान्ने ऊ स्वभावका आधारमा गतिशील पात्र हो । ऊ नाति-नातिनीप्रति जति कोमल छे, पढाइका मामलामा निकै कठोर पनि देखिन्छे । आफूले शिक्षा आर्जन गर्न नसके पनि आफ्ना सन्तान, दरसन्तानले राम्रो शिक्षा आर्जन गरिदिउन् भन्ने चाहना उसको  छ । दिनभरि कठोरजस्ती देखिने ऊ राती सारा काम कर्तव्यबाट मुक्त भएपछि आफ्नी दौँतरी चमेलीसँग दुःख-सुखका कुरा गर्न थाल्छे । आफ्नो जीन्दगीको अन्तिम दिनहरू आउँदै गर्दा बुहारीलाई अर्ति उपदेश दिने असल अभिभावक पनि हो शान्तनुकी आमा । धर्मकर्ममा आस्था भएकी ऊ अन्तिम समयमा मन्दिर जाने इच्छा व्यक्त गर्छे । आफ्नो वरिपरि सबै नोकरचाकर उदासिन भएर बसेको समयमा सुँक्क-सुँक्क गर्दै गरेकी सहेलीलाई “के भो ... चमेली ? ... प्याज काटेर आइस् कि कसो ... ?” (गिरि, २०६० : ६०) भन्ने उसमा धैर्यता धेरै छ । पचहत्तर वर्षको उमेरमा उसले मृत्युलाई आत्मसात् गरेकी छ । आफ्ना सन्तानको लागि जस्तो दुःख कष्ट पनि उठाउन पछि नपर्ने ऊ मातृत्व प्रवल भएकी नेपाली आमाहरूकी प्रतिनिधि पात्र हो । त्यसैले जीवनचेतनाका आधारमा वर्गीय पात्रको भूमिकामा शान्तनुकी आमा देखिएकी छ । आसन्नताका आधारमा नेपथ्य पात्र ऊ उपन्यासको

संरचनामा महत्त्व राख्ने पात्र भएकाले आबद्धताका आधारमा बद्ध पात्र पनि हो । गाउँलेहरूका निम्ति उदाहरणीय बनेकी ऊ एक आदर्श व्यक्तित्वका रूपमा पनि रहेकी छ ।

### ४.४.३ गौण नारी पात्र

**क) पण्डितनी बज्यै**

शान्तनुको घरमा भान्साको पूर्ण जिम्मा लिएर बसेकी पण्डितनी बज्यै कार्यका आधारमा गौण पात्र हो । आफ्नो जिन्दगीको धेरै वर्ष उसले खाना बनाउन र बाँढ्नमा नै खर्च गरेकी छ । श्रीमान् जँड्याहा भएकाले कुनै पनि कार्यमा उसलाई सहयोग प्राप्त भएको छैन । बढेकी छोरीको बेलैमा राम्रो केटासँग विवाह गरिदिन पाए हुन्थ्यो भन्ने चाहनाले गर्दा मालिक-मालिक्नीसँग सधैं फतफताइरहन्छे । प्रवृत्तिका आधारमा अनुकूल ऊ शान्तुनका घरमा धेरै पाहुना आएर मोजमस्तीसँग खान थालेकोमा चिन्तित छ । घरमा सबभन्दा पुरानो कामदारको रूपमा रहेकी ऊ शान्तनु र मालिक्नीबाहेक अरूलाई गन्दिन । पण्डितनी बज्यै चोथाले, मुखाले, कर्कशा भए पनि शान्तनु परिवारलाई राम्ररी बुझ्ेकी पात्र हो । एउटै काममा सधैं घोटिइरहनु परेकाले उसलाई धेरै झर्को पनि लागेको छ । उपन्यासमा कुनै समयमा पनि परिवर्तनको सङ्केत नगरेकी ऊ स्वभावका आधारमा गतिहीन पात्र हो । मनमा उत्पन्न असन्तुष्टिलाई तत्कालै व्यक्त गरिहाल्ने ऊ बहिर्मुखी पात्र पनि हो । जीवनचेतना वा प्रतिनिधित्वका आधारमा व्यक्तिगत पात्र ऊ आसन्नताका आधारमा नेपथ्य पात्र हो । आबद्धताका आधारमा मुक्त पात्रका रूपमा रहेकी पण्डितनी बज्यै अर्काको घरमा बसेर तीन जनाको पेट पाल्नु परेको बाध्यता अनि जँडचाहा लोग्ने भएर विचलित भए पनि नुनको सोझो गर्न नबिर्सने पात्र हो ।

**ख) देविका**

देविका कार्यका आधारमा गौण पात्र हो । नपुंसक लोग्नेमान्छेसँग बिहे भएका कारण देविका माइतमा नै बसेर अभिशप्त जीवन बाँच्न विवश भएकी छ । विवाहपश्चात् दुलन फर्काउन माइत आएपछि फेरि घर नफर्केकी देविकाले आफ्नो बिहेको श्रृङ्गारका सामानहरू अरूलाई बाँढेर बिहेको निशानी मेट्न चाहन्छे । बिहेको सुनौलो किलिप शान्तनुकी आमा छ-सात वर्षकी हुँदा उसले लाइदिएपछि भिनाजुले मार्नुहुन्न ? भन्ने प्रश्न सुनेपछि “उसको

उज्यालो अनुहार 'फू... ...' गरेर निभाएको बत्तीझैँ भयो र बत्ती निभाइसकेपछि एक प्रकारको धूवाँले अँध्यारोलाई अझ कस्तो-कस्तो डर-डर लाग्ने बनाएझैँ भयो देविकाको अनुहार" (गिरि, २०६० : १९) भनिएको छ । यसरी उसलाई अतृप्ति र कुण्ठाले निकै गाँजेको छ । नपुंसक लोग्नेबाट अतृप्त रहेकी उसले आफ्नै मामाको पाप बोकेपछि भने दुःखद् अन्त्य हुन्छ । यसरी उसमा मनोविज्ञानको पनि खास प्रभाव देखिन्छ । प्रवृत्तिका आधारमा ऊ पहिले अनुकूल र पछि प्रतिकूल पात्रका रूपमा उपन्यासमा चित्रित छे । गतिहीन स्वभावकी देविका जीवनचेतनाका आधारमा व्यक्तिगत पात्र हो । अप्रत्यक्ष वर्णन गरिएकी ऊ आसन्नताका आधारमा नेपथ्य पात्र हो भने उपन्यासबाट उसलाई हटाए पनि संरचनामा केही परिवर्तन नहुने भएकाले आबद्धताका आधारमा मुक्त पात्र हो ।

## ग) अधिकारिनी बज्यै

अधिकारिनी बज्यै कार्यका आधारमा गौण पात्र हो । वरणीका टपरीहरू गाँस्न सिपालु ऊ प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । उसले गाँसेका टपरीले अनेकौँ वरणी सफल भएका छन् । उपन्यासको सानो अंशमा मात्र चित्रण भएकी ऊ जीवनचेतनाका आधारमा व्यक्तिगत पात्र, आसन्नताका आधारमा नेपथ्य पात्र र आबद्धताका आधारमा मुक्त पात्रको रूपमा रहेकी छ ।

## घ) राजकुमारी

राजकुमारी उपन्यासमा वर्णित मैथिली नाटकमा नायिकाको भूमिका निर्वाह गर्ने कार्यका आधारमा गौण पात्र हो । झिलिमिली कपडा, सुनौलो पन्नीको मुकुट लगाएकी ऊ निकै सुन्दरी देखिन्छे । नायकले म तिमीलाई लैजान्छु भन्दा "बाबाके पुछलबिना हम नहीँ जेबै । माताके पैरेमके हम बाँध्नै छी" (गिरि, २०६० : ३१) भन्छे । बुबा-आमाप्रति निकै श्रद्धाभाव भएकी ऊ प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । नाटच मञ्चन अवधिभर कुनै परिवर्तनको आभाष नदिएकी राजकुमारी स्वभावका आधारमा गतिहीन पात्र पनि हो । जीवनचेतनाका आधारमा व्यक्तिगत, आसन्नताका आधारमा नेपथ्य र आबद्धताका आधारमा मुक्त पात्रको रूपमा राजकुमारी रहेकी छ ।

### ङ) तरुनी घर्तिनीहरू

सबैको घरमा काम गर्दै हिँड्ने तरुनी घर्तिनीहरू कार्यका आधारमा गौण पात्र हुन् । आँखाभरि गाजल पोतेर शान्तनुका भाइहरूलाई हेर्दै मस्किने उनीहरूमा विपरीत लिङ्गप्रतिको आकर्षण देखिन्छ । उपन्यासको छोटो किस्सामा मात्र चर्चा भएका उनीहरूको अन्य पक्षको उल्लेख छैन । आसन्नताका आधारमा नेपथ्य पात्र तरुनी घर्तिनीहरू उपन्यासबाट झिक्दा पनि केही फरक नपर्ने भएकाले आबद्धताका आधारमा मुक्त पात्र हुन् ।

### च) माहिली दुलही

लप्टनसाहेबकी बुहारीको रूपमा रहेकी माहिली दुलही कार्यका आधारमा गौण पात्र हो । पाँचवटा छोरी र एउटा छोराकी आमा ऊ सासूले नातिको स्याहार राम्रो गर, दूध-घ्यू प्रशस्त ख्वा भन्दा हुन्छको भावमा टाउको मात्र हल्लाउने गर्छे । प्रवृत्तिका आधारमा अनुकूल माहिली दुलहीलाई नातिको आशमा धेरै सन्तान जन्माउन घरबाट दबाब दिएका छन् । स्वभावका आधारमा गतिहीन उसको चित्रण उपन्यासको थोरै अंशमा भएको छ । आसन्नताका आधारमा नेपथ्य पात्र माहिली दुलही अन्तर्मुखी पात्र पनि हो । उपन्यासमा गतिलो प्रभाव पार्न नसकेकी ऊ आबद्धताका आधारमा मुक्त पात्र हो ।

### छ) चमेली

चमेली शान्तनुकी आमासँग दौँतरीको रूपमा माइतबाट दाइजोमा आएकी हो । कार्यका आधारमा गौण पात्रका रूपमा उसको चित्रण भएको छ । कुन समयमा के गर्ने भन्ने कुराको राम्रो हेक्का भएकी चमेली प्रवृत्तिका आधारमा अनुकूल पात्र पनि हो । वर्षौंदेखि मलकाइनको गहिरो घाउमा अनवरत मलम लेपन गर्दै आएकी ऊ साह्रै बाठी छे । मनपर्ने कुराहरू ख्वाएर र मनपर्ने कुराहरू भनेर मलकाइनलाई भुलाउन खप्पिस पनि छ । स्वभावका आधारमा गतिहीन ऊ जीवनचेतनाका आधारमा व्यक्तिगत पात्र हो । सरल व्यवहार भएकी ऊ आफ्नी मलकाइनको जीवनको अन्तिम प्रहरहरू बित्दै गर्दा निक्कै रोएकी छ । आसन्नताका आधारमा नेपथ्य पात्र चमेली आबद्धताका आधारमा भने मुक्त पात्र हो । समग्रमा एक असल पात्रको भूमिका चमेलीले निर्वाह गरेकी छ ।

### ज) भान्सेबाहुनी

लप्टनसाहेबको घरमा खाना बनाउन बसेकी भान्सेबाहुनी कार्यका आधारमा गौण पात्र हो । अरू केही चर्चा नभएकी ऊ आसन्नताका आधारमा नेपथ्य र आबद्धताका आधारमा मुक्त पात्रका रूपमा रहेकी छ ।

### झ) जेठानी-देवरानीहरू

जेठानी-देवरानीहरू कार्यका आधारमा गौण पात्रका रूपमा रहेका छन् । गरगहना लगाउनु, सिंगारपटार गर्नु अनि दिनभरि गफमात्र हाँक्ने उनीहरू प्रवृत्तिका आधारमा प्रतिकूल पात्र हुन् । आफैँले केही आर्जन गर्न नसकेका उनीहरूको सबै कुराको पूर्ति श्रीमान्हरूले गरिदिएका छन् । प्रसङ्गवश आएका उनीहरूको अन्य कुराको चित्रण पाइँदैन । आसन्नताका आधारमा नेपथ्य पात्र उनीहरू आबद्धताका आधारमा मुक्त पात्रका रूपमा रहेका छन् ।

### ञ) लप्टन्नीसाहेबहरू र दुलहीसाहेबहरू

उनीहरू कार्यका आधारमा गौण पात्र हुन् । गाउँमा ठूलाबडाको सम्मान पाएका यी पात्रहरू अन्तिम समयमा नाटक हेर्न आउँदा पनि अघिल्ला सीटमा आसिन हुन पाउँछन् । उपन्यासको थोरै अंशमा मात्र चर्चा भएका यी पात्रहरू आसन्नताका आधारमा नेपथ्य पात्र हुन् । त्यसैगरी यिनीहरूलाई हटाउँदा पनि उपन्यासको संरचना फरक नपर्ने भएकाले आबद्धताका आधारमा मुक्त पात्रका रूपमा रहेका छन् ।

### ट) थनेकी आमा

तीनवटा छोराकी आमा थनेकी आमा कार्यका आधारमा गौण पात्र हो । श्रीमान्को पत्तो नभएकी ऊ जीवन धान्न मुश्किल भएपछि शान्तनुको शरणमा आएर हारगुहार गरी त्यही आश्रय लिएर बस्ने दुःखी पात्र पनि हो । थनेकी आमामा गजबको सीप छ । उसले तरकारीका जुनै परिकार छोए पनि मीठो बनाउँछे । तरकारी फाँटमा एकछत्र राज्य गरेकी ऊ शान्तनु परिवारकी अभिन्न सदस्यका रूपमा पनि चित्रित छे । ऊ कसैले रिस उठाए तरकारी डढाएर, नुन धेरै राखेर आफ्नो रिस शान्त पार्ने अन्तर्मुखी पात्र पनि हो । पहिले

अनुकूल प्रवृत्तिकी थनेकी आमा पछिल्लो समयमा शान्तनुले केही जग्गाको टुक्रा दिएर सानो झुप्रो बनाइदिएपछि उसमा प्रतिकूल प्रवृत्ति देखिन्छ । काम सघाउन नगई बिरामी भएको बहाना गरेर आफ्नै छाप्रोमा बस्ने, छोरा पनि जान्छ कि भनेर डोरीले बाँधेर राख्ने गर्न थाल्छे । समय परिस्थिति विचार गरेर बदलिन जान्ने भनेकी थनेकी आमा स्वभावका आधारमा गतिशील पात्र हो । जीवनचेतना वा प्रतिनिधित्वका आधारमा व्यक्तिगत पात्र ऊ आसन्नताका आधारमा नेपथ्य र आबद्धताका आधारमा मुक्त पात्रकी रूपमा रहेकी छ ।

### ठ) सानी

सलक्क परेको नाक, गोरी, ठूला आँखा भएकी सानी एक सुन्दर केटी हो । शकुन्तलादेवीको सङ्गतले बत्ती कात्नेदेखि लिएर पूजापाठको सारा चाँजोपाँजो मिलाउने ऊ कार्यका आधारमा गौण र प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । सानो उमेरमा लाटो थनेसँग खेले पनि यौवन चढ्दै जाँदा ऊ थनेबाट परपर हुन थाल्छे । आमाले छोरीको लागि राम्रो वर खोजिदिनुपर्‍यो भनेपछि शान्तनुले सानीको लागि लायक केटा दिव्यप्रसादसँग विवाह गरिदिन निश्चित गर्छन् । सपनामा पनि नचिताएको केटो वरको रूपमा पाएपछि सानी दङ्ग छे । बाल्यकालदेखि बेहुली भएको अवस्थासम्म देखिएकी अनि ओझेल परेकी ऊ स्वभावका आधारमा गतिहीन पात्र हो । जीवनचेतनाका आधारमा व्यक्तिगत पात्र सानी अप्रत्यक्ष वर्णन गरिएकीले आसन्नताका आधारमा नेपथ्य पात्र हो । उपन्यासको संरचनामा उल्लेख्य प्रभाव पार्न नसकेकी ऊ आबद्धताका आधारमा भने मुक्त पात्रका रूपमा रहेकी छ ।

### ड) घर्तिनीकी राम्री छोरी

घर्तिनीकी राम्री छोरी कार्यका आधारमा गौण पात्र हो । शान्तनुका भाइसँग लुकेर प्रणय क्रीडामा लिप्त हुने प्रवृत्तिका आधारमा प्रतिकूल पात्र पनि हो । अन्य कुरा चर्चा नभएकी ऊ आसन्नताका आधारमा नेपथ्य र आबद्धताका आधारमा मुक्त पात्रका रूपमा रहेकी छे ।

### ढ) गोमा

सौन्दर्यको वरदान नै पाएकी गोमा कार्यका आधारमा गौण पात्र हो । ऊ मालिकका छोरा, पटवारीदेखि लिएर मालिकका विशिष्ट पाहुनाका मन राख्ने माध्यम भएकी छ । गोमालाई साँचो माया गर्ने मान्छे भने दिलजान मात्र छ । दिलजानबाट अत्तर, साबुन, लाली,

पाउडर, चिम्टीकाँटा निकै उपहारका रूपमा लिएपनि उसलाई मनपेट दिएकी छैन । ठूलाबडासँग शरीर र मनको नाता गाँसेर ठूलाबडा भएकी भ्रम पालेर बसेकी छ ऊ । ठालूहरूले आफ्नो सुन्दर शरीरलाई मात्र माया गरेको थाहा नपाउने सोझी पात्र हो गोमा । प्रवृत्तिका आधारमा प्रतिकूल ऊ तिनै ठालूमध्ये कोहीबाट पेट बोकेपछि भने ऊ झसङ्ग हुन पुग्छे । आफ्नो इज्जत बचाउन अन्त्यमा साँचो माया गर्ने दिलजानसँग भागेकी छ । स्वभावका आधारमा गतिहीन ऊ जीवनचेतनाका आधारमा व्यक्तिगत पात्र हो । अप्रत्यक्ष वर्णन भएकी ऊ आसन्नताका आधारमा नेपथ्य पात्र पनि हो । उपन्यासको संरचनामा महत्त्वपूर्ण भूमिका निर्वाह नगर्ने ऊ आबद्धताका आधारमा मुक्त पात्रको रूपमा रहेकी छ ।

### ण) लीना शर्मा

कार्यका आधारमा गौण पात्र लीना शर्मा चतुरी पात्र हो । आफू आश्रय लिएर बसेकै घरको कुरा काट्ने ऊ प्रवृत्तिका आधारमा प्रतिकूल पात्र पनि हो । सियोदेखि हात्तीसम्म जुटाइदिनुपर्ने उसलाई थोरै अक्कल पनि छैन । निर्लज्ज ऊ आफ्ना बहिनीहरू सालैपिच्छे शान्तनुका घरमा लगेर पढाउँछे तर आफू भने खर्चको केही मात्रा पनि जोडजाम गर्दिन बरू उल्टै खाना नमीठो भयो भनेर कचकच गर्छे । आफ्ना साना कुराको पनि बढी फुर्ती लगाउने ऊ स्वभावका आधारमा गतिहीन पात्र हो । जीवनचेतनाका आधारमा व्यक्तिगत पात्र लीना शर्मा एक कुटिल चरित्र पनि हो । आसन्नताका आधारमा नेपथ्य पात्रको भूमिका निर्वाह गर्ने ऊ आबद्धताका आधारमा मुक्त पात्रका रूपमा रहेकी छ ।

### त) कमली

शान्तनुको घरको अन्नपानीले बाँचेकी कमली गौण पात्र हो । दुःखी कमलीको उमेर पुगेपछि बिहे भए पनि "अभागीको कर्मै फुटेको भनेझैँ छ महिना नपुग्दै विधवा भई" (गिरि, २०६० : ७७) भनिएको छ । प्रवृत्तिका आधारमा अनुकूल कमलीलाई जिन्दगीमा दुःखै दुःख मात्र आत्मसात् गर्नु परेकाले कहिलेकाहीँ आत्महत्या गरूँ भन्ने सुर पनि चढेको छ तर उसलाई जिन्दगीको माया पनि असाध्यै लागेको छ । उसको दोस्रो विवाह पहाडबाट आएको एक विधुरसँग भएको छ । केही टुक्रा घडेरी र एउटा छाप्रोमा दुइटी छोरी, एउटा झट्केलो छोरो, श्रीमान् र ऊ बस्न थाल्छन् । श्रीमान् र उसले निकै परिश्रम गरे पनि पाँचवटा मुख पेट पाल्न उस्तै धौ धौ परेको छ । शान्तनुको घरमा शरण लिएका अरूले कमलीलाई दुर्वचन

गर्दा "छाला काढ ! सप्पै भएर म अभागिनीको छाला काढ" (गिरि, २०६० : ८१) भन्दै आफूलाई उसले अभागिनी ठानेकी छ । कसै गर्दा पनि उन्नति गर्न नसक्ने उसम हीनता ग्रन्थि पाइन्छ । स्वभावका आधारमा गतिहीन ऊ जीवनचेतनाका आधारमा व्यक्तिगत पात्र हो । आसन्नताका आधारमा नेपथ्य पात्र कमली आबद्धताका आधारमा मुक्त पात्रको रूपमा देखिन्छे ।

**थ) बतैया भाउजू**

गफमात्र गरेर दिन बिताउने बतैया भाउजू कार्यका आधारमा गौण पात्र हो । शान्तनुलाई जबर्जस्ती देवर प्रमाणित गरेर त्यहीँ आश्रय लिएर बसेकी बतैया भाउजू प्रवृत्तिका आधारमा प्रतिकूल पात्र पनि हो । पर्साको केशरकुटीबाट विधवाको भेषमा आएकी ऊ सम्पूर्ण बस्तीपुरकी भाउजू बनेकी छ । नुहाईधुवाई पूजापाठ चोखोनीतिसँग केही सरोकार नभएकी ऊ गाँस टिपेपछि सारा गाउँ चहार्न पुगिहाल्ने र त्यो उसको दैनिक कार्य भएको छ । पण्डितनी बज्यैले खाना दिने समयमा अनेक वचनवाण हाने पनि उसलाई त्यसले पटक्कै छुँदैन । खुल्ला केश, अग्लो शरीर, गहुँगोरो रङ, ठिक्कको शारीरिक बनावट भएकी बतैया भाउजूलाई कम्मरमा हात राखेर बोलिरहनु पर्ने बानी लागेको छ । स्वभावका आधारमा गतिहीन ऊ जीवनचेतनाका आधारमा व्यक्तिगत पात्र हो । उपन्यासमा खासै प्रभाव पार्न नसकेकी ऊ आसन्नताका आधारमा नेपथ्य र आबद्धताका आधारमा मुक्त पात्र हो ।

**द) बहुरी**

गुँडीगाउँकी बहुरी कार्यका आधारमा गौण पात्र हो । गुँडीगाउँमा भएको बच्चाको हत्याको खबर शकुन्तलादेवीकोमा ल्याएर इतिवृत्तान्त सुनाउने ऊ प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । उपन्यासमा यही एउटा खबर भन्ने पात्रका रूपमा मात्र आएकी बहुरी आसन्नताका आधारमा नेपथ्य र आबद्धताका आधारमा मुक्त पात्र हो ।

**ध) जिम्दार्नी**

बुहारीलाई छोरीजत्तिकै माया गर्ने जिम्दार्नी कार्यका आधारमा गौण र प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । बदमास छोराले बुहारीलाई छोरी जन्माएको निहुँमा बेस्सरी

पिट्न थाल्दा जिम्दार्नी छुटयाउन जान्छे । पछि नातिनी मरेपछि ऊ एकदमै दुःखी भएकी छ । गहभरी आँशु पारेर बुहारीलाई "के गर्नु दुलही ! कत्ति रहरले कस्तो सुखसँग राखौँला भनेर भित्र्याएका थियौँ तिमीलाई । फुटेको कर्म रहेछ हाम्रो । यसै फुटेको कर्मबाट कताकता जुट्न आयो तिम्रो कर्म पनि । उहिलेको जन्ममा एकमुठी धर्म त गरेकी रहिछु क्यार । त्यसैले पो मेरी छोरी नभए पनि तिमी छोरी भएर आयौ" (गिरि, २०६० : ९४) भन्ने उसमा बुहारीप्रति पूर्ण सहानुभूति र प्रेम छ । स्वभावका आधारमा गतिहीन ऊ एक असल सासूको भूमिका निर्वाह गरेकाले जीवनचेतनाका आधारमा वर्गीय पात्र हो । त्यस्तै आसन्नताका आधारमा नेपथ्य पात्र जिम्दार्नी आबद्धताका आधारमा मुक्त पात्रका रूपमा देखिन्छे ।

### न) जिम्दार्नीकी बुहारी

चौध वर्षकै उमेरमा विवाह भएकी ऊ कार्यका आधारमा गौण पात्र हो । फटाहा श्रीमन् भएकाले छोरी पाएको निहुँमा उसले निकै पिटाइ खाएकी छ । एउटी भएकी छोरीको पनि मृत्यु हुनु अनि सबै सम्पत्ति खराब श्रीमान्ले सकेपछि अत्यन्त दुःख पाएकी पात्रको रूपमा उसको चित्रण भएको छ । प्रवृत्तिका आधारमा अनुकूल ऊ श्रीमान्को गलत कार्यको विरोध गर्न सक्दिन । स्वभावका आधारमा गतिहीन जिम्दार्नीकी बुहारीको सरल व्यवहारमा कतै पनि परिवर्तन पाइँदैन । सासू अत्यन्त मायालु भएकीले आफ्नो पीडालाई कम गर्न उसले त्यसैको साथ लिएकी छ । जीवनचेतनाका आधारमा वर्गीय पात्र उसले असल बुहारीहरूको प्रतिनिधित्व गरेकी छ । आसन्नताका आधारमा नेपथ्य पात्र ऊ आबद्धताका आधारमा मुक्त पात्र हो ।

### प) हिस्सी परेकी घर्तिनी

जिम्दार्नीको परिवारका निम्ति धूमकेतुको रूपमा अनूदित भएकी हिस्सी परेकी घर्तिनी कार्यका आधारमा गौण पात्र हो । सोमबारे साइँलोलाई रूपको जादुमा फँसाई सम्पूर्ण धनसम्पत्ति हात पार्ने ऊ प्रवृत्तिका आधारमा प्रतिकूल पात्र हो । सम्पत्ति सबै लिएर हिँडेपछि सोमबारे साइँलो पनि पछि-पछि लागेको छ तर केही समयको अन्तरालमा उसले साइँलोलाई पनि त्यागेकी छे । सबै सम्पत्ति लिएर हिँडेपछि जिम्दार्नीको परिवार बिचल्ली भएको छ । यसरी एक धूर्त पात्रको रूपमा रहेकी हिसी परेकी घर्तिनी स्वभावका आधारमा गतिहीन पात्र

हो । जीवनचेतनाका आधारमा व्यक्तिगत पात्रको भूमिका निर्वाह गरेकी ऊ आसन्नताका आाधारमा नेपथ्य र आबद्धताका आधारमा मुक्त पात्रको रूपमा देखिन्छे ।

**फ) माड्साबनी**

समय र परिस्थितिले चतुर भएकी माड्साबनी कार्यका आधारमा गौण पात्र हो । श्रीमान् डुल्दै र खानेकुराको मात्र चर्चा गर्दै हिँड्ने हुँदा उसलाई घरगृहस्थी चलाउन निकै कठिन भएको छ । आफ्ना छोरीहरूको लागि राम्रा वर खोज्न श्रीमान्लाई आग्रह गर्ने ऊ प्रवृत्तिका आधारमा अनुकूल पात्र पनि हो । असल गृहिणी, असल आमाको कर्तव्य पूरा गरेकी माड्साबनी स्वभावका आधारमा गतिहीन पात्रको रूपमा देखिन्छे । चित्त नबुझ्दो कुरालाई तत्कालै व्यक्त गर्ने ऊ बहिर्मुखी पात्र पनि हो । जीवनचेतनाका आधारमा वर्गीय पात्रको रूपमा रहेकी माड्साबनी आसन्नताका आधारमा नेपथ्य र आबद्धताका आधारमा मुक्त पात्रको रूपमा देखिएकी छ ।

**ब) माड्साबनीका जेठानी-देवरानी**

कहिलेकाहीँ पिकनिक मुडमा माड्साबनीको घरमा झुल्किने यी पात्रहरू कार्यका आधारमा गौण पात्र हुन् । माड्साबनीको घाउमा नुनचुक छर्ने यिनीहरू प्रवृत्तिका आधारमा प्रतिकूल पात्र पनि हुन् । अन्य खासै चर्चा नभएका यी पात्रहरू आसन्नताका आधारमा नेपथ्य र आबद्धताका आधारमा मुक्त पात्रका रूपमा देखिन्छन् ।

**भ) माड्साबका चार छोरी**

माड्साबका चार छोरी गौण पात्रका रूपमा रहेका छन् । सङ्गीताको बिहे गर्ने बेला भएको र अन्य सरिता, ललिता र गणिता पनि विवाहको लागि उमेर पुग्दै गएका केटी हुन् । बुबा-आमाले केटा खोज्न असफल भएपछि र विवाह गर्न सम्पत्ति पनि प्रशस्त नभएकोले सङ्गीता पोइल गएकी छ । थोरै अंशमा चित्रण भएका यी पात्रहरू नेपथ्य र मुक्त पात्रको भूमिकामा देखा पर्छन् ।

**म) शान्तनुकी माहिली बुहारी**

शान्तनुकी माइली बुहारी चतुर स्वभावकी पात्र हो । पहिले निकै आश देखाउने तर आफ्नो स्वार्थ पूरा भएपछि त्यतापट्टि ध्यानै नदिने प्रवृत्तिका आधारमा प्रतिकूल पात्र हो ।

खानाप्रति निकै सौखिन ऊ कर्तव्यबाट पन्छिने पात्र पनि हो । स्वभावका आधारमा गतिहीन उसमा शोषकको जस्तो व्यवहार तथा प्रवृत्ति देखिन्छ । अप्रत्यक्ष वर्णन गरिएकी ऊ आसन्नताका आधारमा नेपथ्य र उपन्यासमा प्रभाव जमाउन नसकेकी हुनाले आबद्धताका आधारमा मुक्त पात्र हो ।

#### य) शान्तनुकी जेठी बुहारी

घरमा भएको नराम्रा कार्यको विवरण बुबा-आमालाई सुनाउने जेठी बुहारी कार्यका आधारमा गौण र प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । अन्य केही चर्चा नभएकी ऊ नेपथ्य र मुक्त पात्रको रूपमा रहेकी छ ।

#### र) जिम्दार्नीकी नातिनी

जिम्दार्नीकी नातिनी कार्यका आधारमा गौण पात्र हो । बुबाको आक्रोशको सिकार भएर बालसुलभ अवस्थामै दुःखद् अन्त्य भोगेकी उसको अन्य कुराको चित्रण पाइँदैन । आसन्नताका आधारमा नेपथ्य र आबद्धताका आधारमा मुक्त पात्रको भूमिका जिम्दार्नीकी नातिनीले निर्वाह गरेकी छ ।

यसरी वानीरा गिरिले आफ्नो तेस्रो उपन्यास **शब्दातीत शान्तनु**मा धेरै नारी पात्रको संयोजन गरेकी छन् । यद्यपि केही नारी पात्रको भूमिका बाहेक अन्य नारी पात्रको भूमिका महत्त्वपूर्ण देखिँदैन ।

### ४.५ निष्कर्ष

वानीरा गिरिका **कारागार** र **निर्बन्ध** उपन्यास नारी पात्रको चरित्रमा केन्द्रित भएर लेखिएका उपन्यास हुन् भने **शब्दातीत शान्तनु**मा पुरुष पात्रलाई महत्त्व दिइएको छ । उपर्युक्त तीनै उपन्यासमा बाक्लै नारी पात्रको संयोजन भए पनि मुख्य पात्र बाहेक अन्यको भूमिका उल्लेख्य देखिँदैन । **कारागार** उपन्यासकी धूर्त ठूली भाउजू अनि **शब्दातीत शान्तनु**की आदर्श शकुन्तलादेवीजस्ता भिन्न चरित्रको यथार्थ प्रस्तुति दिने यी उपन्यास फरक-फरक चरित्रको प्रतिनिधित्व गर्न सफल देखिन्छन् ।

# पाँचौं परिच्छेद

# उपसंहार

## ५.१ उपसंहार

**वानीरा गिरिका उपन्यासमा नारी पात्र** शीर्षकको प्रस्तुत शोधपत्र जम्मा पाँच परिच्छेदमा संरचित छ । पहिलो परिच्छेदको शोधपरिचय र पाँचौं परिच्छेदको उपसंहार शोधपत्रका अनिवार्य खण्ड हुन् । पात्रविधानको सैद्धान्तिक परिचय दोस्रो सैद्धान्तिक खण्ड, वानीरा गिरिको उपन्यासयात्रा तेस्रो खण्ड र वानीरा गिरिका उपन्यासमा नारी पात्र शीर्षकका चौथो खण्ड भने प्रायोगिक खण्डका रूपमा रहेका छन् ।

उपन्यासका विभिन्न तत्त्वहरूमध्ये पात्र पनि एक महत्त्वपूर्ण तत्त्व हो । घटना सञ्चालन गर्ने व्यक्तिलाई बुझाउने 'पात्र' शब्द संस्कृत स्रोतबाट आएको हो । कोशीय अर्थलाई दृष्टिगत गर्दा 'पात्र' शब्दले व्यक्तिलाई र 'चरित्र' शब्दले व्यक्तिका स्वभाव, प्रवृत्ति, आदत, व्यवहार, चालचलन भन्ने बुझिन्छ । 'पात्र' शब्द अङ्ग्रेजी शब्दमा प्रचलित 'क्यारेक्टर' शब्दको पर्यायवाचीका रूपमा नेपाली साहित्यमा प्रचलित रहेको छ । अङ्ग्रेजीमा 'क्यारेक्टर' शब्दको कोशीय अर्थ अङ्कित गर्नु, छाप लगाउनु, नाम लेख्नु, अभिनय गर्नु, निश्चित लक्षणद्वारा भेद देखाउनु भए पनि यो कोशीय अर्थले 'क्यारेक्टर' शब्दबाट साहित्यमा जुन पारिभाषिक अर्थ बुझिन्छ, त्यसलाई वहन गर्न सकेको छैन । कोशअनुसार 'पात्र' शब्दको विभिन्न अर्थ लाग्ने भए पनि साहित्यका सन्दर्भमा नाटकको पात्र, अभिनेता तथा काव्य, कथा, उपन्यास आदिका नायक, नायिका तथा अन्य व्यक्तिहरू भन्ने अर्थ नै उपयुक्त छ । पात्रका सम्बन्धमा विद्वानहरूले दिएको परिभाषामा खासै भिन्नता देखा पर्दैन । त्यसैगरी विभिन्न विद्वानहरूले पात्रका प्रकारका बारेमा चर्चा गरे पनि मोहनराज शर्माले गरेको वर्गीकरण, लिङ्गका आधारमा पुलिङ्ग र स्त्रीलिङ्ग, कार्यका आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका आधारमा गतिशील र गतिहीन, जीवनचेतनाका आधारमा वर्गगत र व्यक्तिगत, आसन्नताका आधारमा नेपथ्यपात्र र मञ्चपात्र अनि आबद्धताका आधारमा बद्धपात्र र मुक्तपात्र बढी वैज्ञानिक र वस्तुपरक रहेको छ ।

वि.सं. २०१३ साल वैशाख २९ गते बाबु इन्द्रराज गिरि तथा आमा जानकीदेवी गिरिका छैंठौं सन्तानको रूपमा भारतको पश्चिम बङ्गालमा जन्मिएकी वानीरा गिरिले सुरुको पढाइ 'स्कट मिसन स्कुल' मा गरिन् । २०१३ सालमा 'सेन्ट जोसेफ स्कुल' खर्साङबाट द्वितीय श्रेणीमा एस्.एल्.सी. उत्तीर्ण गरेकी गिरिले अध्ययनलाई निरन्तरता दिँदै वि.सं. २०३९ सालमा गोपालप्रसाद रिमालका काव्यमा स्वच्छन्दतावाद विषयक शीर्षकमा त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि प्राप्त गरिन् । साहित्यमा लाग्ने प्रेरणाको श्रेय आफ्नी आमालाई दिने वानीराले २०२० सालमा 'कदम बढाऊ' शीर्षक कविताबाट साहित्य सिर्जना थालेकी हुन् । दुईवटा कवितासङ्ग्रहबाट कवि व्यक्तित्व निर्माण गरिसकेकी गिरिले वि.सं. २०३५ सालमा **कारागार** उपन्यास प्रकाशित गरेर आफ्नो उपन्यासकार व्यक्तित्वलाई पनि उजागर गरेकी छन् । यस उपन्यासकार व्यक्तित्वलाई **निर्बन्ध** (२०४२) र **शब्दातीत शान्तनु** (२०५६) उपन्यासले अझ उच्च तुल्याएका छन् । २०१९ सालमा 'सेन्ट जोसेफ स्कुल' खर्साङमा पढाउन थालेकी गिरिले २०३२ सालदेखि पद्मकन्या कलेजमा प्राध्यापन गरेपश्चात् भने साहित्येतर व्यक्तित्वका रूपमा शिक्षिका व्यक्तित्व पनि निर्माण गरेकी छन् । वानीरा गिरिका तीनवटा उपन्यासमा देखा पर्ने प्रवृत्तिगत भिन्नताको आधारमा दुईवटा औपन्यासिक चरण विभाजन गर्न सकिन्छ । प्रथम चरण (वि.सं. २०३५-२०४२) लाई **कारागार** (२०३५) र 'निर्बन्घ' (२०४२) उपन्यासले प्रतिनिधित्व गर्दछन् । यी दुई उपन्यासहरू आठ वर्षभित्रका प्राप्ति हुन् । यी उपन्यासमा प्रणय आवेगको चित्रण, स्वच्छन्द पलायन, समाजद्रोही जस्ता स्वच्छन्दतावादी प्रवृत्ति देखाएकी छन् । त्यसैगरी नारी पात्रको सृजना गरेर कथानकलाई जीवनवादी बनाउँदै मनोवैज्ञानिक पक्षको उद्घाटन गर्न पनि उनी सफल देखिएकी छन् । यस चरणका दुवै उपन्यासमा गिरिले नारी लेखनको सचेतता र महत्तालाई स्पष्ट पार्न अग्रसरता देखाएकी छन् । २०४२ सालको. **निर्बन्ध** उपन्यास पछि २०५६ सालमा प्रकाशित **शब्दातीत शान्तनु** उपन्यासले द्वितीय चरणको नेतृत्व गर्दछ । यस उपन्यासमा आञ्चलिक ढङ्गमा व्यक्त गरिएको ग्रामीण जनजीवनको राम्रो प्रस्तुति छ । मनोविश्लेषणको आंशिक प्रयोग गरिएको प्रस्तुत उपन्यासमा मानवतावाद, जातिप्रेम, प्रकृतिप्रेम जस्ता स्वच्छन्दतावादी प्रवृत्ति मुख्य विषय रहेको छ ।

वानीरा गिरिको पहिलो उपन्यास **कारागार**मा बाक्लै नारी पात्रको उपस्थिति छ । यस उपन्यासकी मुख्य नारी पात्र 'म' पात्र हो । समाख्याताका रूपमा रहेकी 'म' पात्र मात्र उपन्यासमा प्रत्यक्ष वर्णन भएकी छ भने अन्य नारी पात्रको वर्णन अप्रत्यक्ष रूपमा भएको

छ । पाँच सहायक र पन्ध्र गौण नारी पात्रको संयोजन भएको **कारागार** उपन्यासमा अनुकूल र प्रतिकूल प्रवृत्तिका पात्र बराबर नै छन् । स्वभावका आधारमा गतिशील पात्र भन्दा गतिहीन पात्रको बढी बाहुल्य रहेको छ । निजी स्वभाव तथा वैयक्तिकताको प्रतिनिधित्व गर्ने नारी पात्रहरू धेरै छन् भने निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने वर्गगत पात्र निकै कम देखिन्छन् । बद्ध पात्रभन्दा मुक्त पात्रको नै उल्लिखित संयोजन भएको **कारागार** उपन्यासमा 'म' पात्रको नै विशिष्ट भूमिका देखिन्छ । त्यसैले यो उपन्यास एउटै मात्र पात्रलाई सर्वोपरि महत्त्व दिइएको उपन्यास हो ।

गिरिको दोस्रो उपन्यास **निर्बन्ध**मा पनि नारी पात्रको नै बाहुल्य छ । **कारागार** उपन्यासमा जस्तै 'म' पात्रको मात्र उपस्थिति प्रत्यक्ष र अन्य पात्रको उपस्थिति परोक्ष रूपमा गरिएको छ । घटनाको वर्णन गर्ने समाख्याताको रूपमा रहेकी 'म' पात्र उपन्यासको आदिदेखि अन्त्यसम्म बलियो उपस्थिति पेस गरेका कारण मुख्य पात्र हो । गौण पात्रको अत्यधिक प्रयोग भएको **निर्बन्ध** उपन्यासमा प्रवृत्तिगत आधारमा अनुकूल पात्र बढी प्रयोग भएका छन् । परिस्थिति बदलिए पनि आद्यान्त उस्तै जीवन बिताउने नारी पात्र यस उपन्यासमा प्रवल भएकाले गतिहीन पात्र धेरै छन् । जीवनचेतनाका आधारमा व्यक्तिगत पात्रको संयोजन बढी भएकाले वर्गविशेषको प्रतिनिधित्व गर्न यस उपन्यासका पात्र कमजोर देखिन्छन् । एउटै मात्र नारी 'म' पात्र बद्ध पात्रको रूपमा देखिएकाले उसैलाई सर्वोपरि महत्त्व दिएको उपन्यास यो हो ।

वानीरा गिरिको तेस्रो उपन्यास **शब्दातीत शान्तनु** भने सम्पूर्ण नारी पात्रको अप्रत्यक्ष रूपमा चित्रण भएको उपन्यास हो । शकुन्तलादेवी र शान्तनुकी आमा बाहेक अन्य नारी पात्रको भूमिका यस उपन्यासमा गौण छ । प्रमुख नारी पात्रको रूपमा रहेकी शकुन्तलादेवी एक कुशल गृहिणी हो भने सहायक पात्र शान्तनुकी आमा सङ्घर्षशील नारी पात्र हो । चरित्रको प्राधान्य रहेको **शब्दातीत शान्तनु** उपन्यासमा स्वभावका आधारमा गतिहीन पात्र बढी छन् । व्यक्तिगत पात्र, नेपथ्य पात्र र मुक्त पात्र धेरै भएको यो उपन्यास **कारागार** र **निर्बन्ध** भन्दा थोरै नारी पात्रलाई महत्त्व दिइएको उपन्यास हो ।

यसरी वानीरा गिरिका उपन्यासहरू नारी केन्द्रित नै छन् । **कारागार** उपन्यासकी 'म' पात्र, **निर्बन्ध** उपन्यासकी 'म' पात्र जस्ता पात्रको सिर्जनाले परम्परागत रूपमा हेपिएर, पिल्सिएर बस्नुपर्ने नारीको अवस्थामा विद्रोह गरी गिरिले पात्रमा नवीन धारणा दिएकी छन् ।

यी दुवै पात्रहरू आफ्ना परिवारसँग विद्रोहको स्वर सुसेल्न सक्षम देखिएका छन् । त्यसैगरी परम्परागत रूपका नारीको प्रतिनिधित्व पनि **शब्दातीत शान्तनु**का नारी पात्रले गरेका छन् । यी पात्रहरू घर गृहस्थीमै जीवन व्यतीत गर्ने, श्रीमान्को सेवामा तल्लीन रहने खालका छन् । तीनवटै उपन्यासका नारी पात्रको तुलना गर्दा **कारागार** उपन्यास नै अग्रपङ्क्तिमा देखिन्छ । यस उपन्यासका नारी पात्रहरू शिक्षित पनि रहेका छन् । पुरुष सरहका उच्च ओहदामा पनि यी पात्रहरू पुगेका छन् । परिवारजनकै आड भरोसाले मात्र बाँच्ने नारीको विपरीत आफ्नै परिश्रमले जीविकोपार्जन गर्ने पात्रको राम्रो नमुना यस उपन्यासमा छ । त्यसैगरी प्रतिकूल पात्रको कुशल नेतृत्व पनि ठूली भाउजू, कान्छी काकी जस्ता पात्रले गरेकै छन् । मनोविश्लेषणको पनि केही अंश पाइने **कारागार** उपन्यास नारी पात्रको चित्रणको दृष्टिले सफल उपन्यास हो भने **निर्बन्ध** र **शब्दातीत शान्तनु** क्रमशः दोस्रो र तेस्रो स्थानमा रहेका छन् । वानीरा गिरिले सिर्जना गरेका तीनवटा उपन्यास नारी पात्रको चित्रणका दृष्टिले पूर्णतः सफल देखिन्छन् ।

# सन्दर्भसूची

## पुस्तकसूची

### क)	नेपाली पुस्तकसूची


गिरि, वानीरा (२०६१), **कारागार**, चौथो संस्क., काठमाडौं : साझा प्रकाशन ।

____________ (२०६२), **निर्बन्ध**, दोस्रो संस्क., काठमाडौं : साझा प्रकाशन ।

____________(२०६०), **शब्दातीत शान्तनु**, दोस्रो संस्क., काठमाडौं : साझा प्रकाशन ।

चामलिङ्ग, गुमानसिंह (२०४०), **एरिस्टोटल र उनको काव्यशास्त्र**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

त्रिपाठी, वासुदेव (२०३२), **महाकवि देवकोटा र नेपाली कविताका प्राप्ति : सिंहावलोकन**, दोस्रो संस्क., काठमाडौं : साझा प्रकाशन ।

थापा, हिमांशु (२०४७), **साहित्य परिचय**, तेस्रो संस्क., काठमाडौं : साझा प्रकाशन ।

नेपाल, घनश्याम (ई. १९८७), **आख्यानका कुरा**, सिलगढी : नेपाली साहित्य प्रचार समिति ।

**नेपाली साहित्यकोश** (२०५५), काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

न्यौपाने, टङ्कप्रसाद (२०४९), **नेपाली साहित्यको रूपरेखा**, दोस्रो संस्क., काठमाडौं : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र (२०४०), **नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि**, दार्जिलिङ्ग : दीपा प्रकाशन ।

बराल, ऋषिराज (२०६३), **उपन्यासको सौन्दर्यशास्त्र**, दोस्रो संस्क., काठमाडौं : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, दोस्रो संस्क., काठमाडौं : साझा प्रकाशन ।

भट्टराई, गोविन्दप्रसाद (अनु.) (२०३९), **भरतको नाटचशास्त्र**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५९), **शैलीविज्ञान**, दोस्रो संस्क., काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

सुवेदी, राजेन्द्र (२०६४), **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**, दोस्रो संस्क, काठमाडौं : साझा प्रकाशन ।

## ख) हिन्दी र संस्कृत पुस्तकसूची

आप्टे, वामन शिवराम (ई. १९७०), **संस्कृत हिन्दी कोश**, दोस्रो संस्क., दिल्ली : मोतीलाल बनारसीदास पब्लिसर्स प्रा.लि. ।

धनञ्जय (२०१९), **दशरूपकम्**, व्याख्या भोलाशङ्कर व्यास, दोस्रो संस्क., वाराणसी : चौखम्बा विद्याभवन ।

वर्मा, धिरेन्द्र तथा अन्य (सम्पा.) (ई. १९८५), **हिन्दी साहित्य कोश**, भाग १, तृतीय संस्क., वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

## ग) अङ्ग्रेजी पुस्तकसूची

Abrahams, M.H. (2000), **A Glossary of literary terms**, 7th edn., Singapore : Hardcourt Asia Pte Ltd.

Murray, James A.H. and others (1933), **Oxford English Dictionary** (eds.), Vol 2, London : Oxford University Press.

## शोधप्रबन्ध तथा शोधपत्रसूची


घर्ती, दुर्गाबहादुर (२०६०), **मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान**, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

पाण्डे, ज्ञानू (२०३८), **कवयित्री वानीरा गिरिको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग ।

रायमाझी, शकुन्तला (२०५७), **वानीरा गिरिका औपन्यासिक कृतिहरूको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौं : पद्मकन्या बहुमुखी क्याम्पस ।


## पत्र-पत्रिकासूची


एटम, नेत्र (२०५७), "शब्दातीत शान्तनु-पुरानो विषय, नयाँ शिल्प", **गरिमा**, (वर्ष १८, अङ्क ७, पूर्णाङ्क २११, असार), काठमाडौं ।

पथिक, केशव (२०४३), "वानीरा गिरि-कारागारबाट निर्बन्धमा", **दैनिक समाज**, (वर्ष ३३, अङ्क ३२, जेठ ७) ।

ढकाल, नारायण (२०५७), "वानीरा गिरिको आख्यानात्मक कविता", **हिमालय टाइम्स**, वैशाख २४ ।

दीक्षित, मदनमणि (२०३६), **समीक्षा पत्रिका**, (वर्ष २०, अङ्क १६, वैशाख ७) ।

राकेश, रामदयाल (२०४३), "कारागार र निर्बन्ध उपन्यासलाई नियाल्दा" **गोरखापत्र, शनिवासरीय परिशिष्टाङ्क (ग)**, (भदौ १४) ।

विप्लव (२०५७), "कविताको सुगन्ध लिएको उपन्यास", **हिमाल पत्रिका**, (वर्ष १०, अङ्क ३, जेठ १-१६) ।